# कर्जा सुरक्षण नियमावली, २०७५

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७५।३।३१

**संशोधन**

| | |
|---|---|
| १. कर्जा सुरक्षण (पहिलो संशोधन) नियमावली, २०७५ | २०७६।१।३० |
| २. कर्जा सुरक्षण (दोस्रो संशोधन) नियमावली, २०७७ | २०७७।६।२६ |
| ३. कर्जा सुरक्षण (तेस्रो संशोधन) नियमावली, २०७९ | २०७९।१०।२ |
| ४. कर्जा सुरक्षण (चौथो संशोधन) नियमावली, २०८० | २०८०।५।२८ |

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यी नियमहरुको नाम "कर्जा सुरक्षण नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ सम्झनु पर्छ ।

(ख) "ऋणी" भन्नाले सदस्य संस्थाबाट कर्जा प्राप्त गरी कोषको कर्जा सुरक्षण कार्यक्रममा सहभागी व्यक्ति सम्झनु पर्छ ।

(ग) "कर्जा" भन्नाले पशुधन खरिद, लघुवित्त तथा विपन्न वर्ग, साना तथा मझौला उद्यम वा कृषि कर्जा कार्यक्रम अन्तरगत नेपाल सरकारले तोकेको क्षेत्रमा सदस्य संस्थाले प्रवाह गरेको कर्जा सम्झनु पर्छ ।

(घ) "कोषको कार्यालय" भन्नाले ऐनको दफा ३ को उपदफा (२) बमोजिम स्थापना भएको कोषको केन्द्रीय कार्यालय सम्झनु पर्छ र सो शब्दले कोषका अन्य कार्यालयलाई समेत जनाउँछ ।

(ङ) "ठूला पशुधन" भन्नाले गाई, याक, झोपा, बाच्छी (कोरेली), भैंसी, पाडी, साँढे, राँगो, गोरु, घोडा, घोडी, खच्चड, गधा जस्ता अन्य ठूला पशुधन सम्झनु पर्छ ।

(च) "पशुधन" भन्नाले गाई, याक, झोपा, बाच्छी (कोरेली), भैंसी, पाडी, साँढे, राँगो, गोरु, घोडा, घोडी, खच्चड, गधा, बोका, बाख्रा, भेडा, भेडी, च्याङ्ग्रा, बङ्गुर जस्ता पशुधन सम्झनु पर्छ ।

(छ) "पशुपालक कृषक" भन्नाले दुग्ध उत्पादन, प्रजनन र मासु उत्पादनको लागि पशुपालन व्यवसाय गर्ने कृषक सम्झनु पर्छ ।

(ज) "पशु सेवा कार्यालय" भन्नाले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको पशु सेवा कार्यालय सम्झनु पर्छ र सो शब्दले पशु स्वास्थ्य केन्द्र वा उपकेन्द्रलाई समेत जनाउँछ ।

(झ) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल बिस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोटन, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

♦(ञ) "प्राविधिक" भन्नाले पशु स्वास्थ्य सम्बन्धी विषयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट दिइने कम्तीमा तीन महिनाको तालिम प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ट) "ब्रिडर कृषक" भन्नाले उन्नत तथा गुणस्तरयुक्त नश्लका पशुधन आधुनिक तरिकाले उत्पादनको लागि प्रजनन कार्यमा प्रयोग गरिने पशुधन पालन गर्ने कृषक सम्झनु पर्छ ।

---

♦ पहिलो संशोधनद्वारा संशोधित।

(ठ) "सदस्य संस्था" भन्नाले कोषसँग सम्झौता गर्ने इजाजत प्राप्त बैंक तथा वित्तीय संस्था, सहकारी संस्था तथा वित्तीय मध्यस्थ गर्ने संस्था सम्झनु पर्छ ।

(ड) "साना पशुधन" भन्नाले बोका, बाख्रा, भेडा, भेडी, च्याङ्ग्रा, बङ्गुर जस्ता साना पशुधन सम्झनु पर्छ ।

(ढ) "सुरक्षणकर्ता" भन्नाले सदस्य संस्थाबाट कर्जा लिई खरिद गरेको पशुधन कोषमा सुरक्षण गराउने पशुपालक कृषक वा ब्रिडर कृषक सम्झनु पर्छ ।

(ण) "सुरक्षित पशुधन" भन्नाले सुरक्षणकर्ताले सुरक्षण गराएको पशुधन सम्झनु पर्छ।

(त) "सुरक्षण रकम" भन्नाले सदस्य संस्थाले नियम ९ बमोजिम गरेको पशुधनको सुरक्षण रकम वा ♦नियम ३६, ३७, ३८, ३९ र ३९क. बमोजिमको व्यवसायमा प्रवाह गरेको कर्जा रकम र सोको सीमाङ्कमध्ये जुन कम हुन्छ सो रकम सम्झनु पर्छ ।

(थ) "सुरक्षण लेख" भन्नाले नियम ८ को उपनियम (२) बमोजिम कोषले जारी गरेको सुरक्षण लेख सम्झनु पर्छ ।

(द) "सङ्केत पट्टा" भन्नाले सुरक्षण गरिएको पशुधनलाई लगाइने नियम ६ बमोजिम कोषले उपलब्ध गराएको सङ्केत नम्बर अंकित धातु वा प्लाष्टिकको ⁽⁷⁾सङ्केत पट्टा (ट्याग) सम्झनु पर्छ र सो शब्दले सुरक्षण गरिएको पशुधनको पहिचान स्थापित गर्ने विद्युतीय उपकरणलाई समेत जनाउँछ ।

## परिच्छेद - २

## पशुधनको सुरक्षण

३. **सम्झौता गर्नु पर्नेः** सदस्य संस्थाले आफूले प्रदान गरेको कर्जाबाट ऋणीले खरिद गरेका पशुधनको यस नियमावली बमोजिम सुरक्षण गर्नु पूर्व कोषसँग अनुसूची -१ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

---

♦ पहिलो संशोधनद्वारा संशोधित।

⁽⁷⁾ चौथो संशोधनद्वारा संशोधित।

४. **<u>पशुधन सुरक्षण गराउनु पर्नेः</u>** सदस्य संस्थाले आफूले प्रदान गरेको कर्जाबाट ऋण लिई खरिद गरेका पशुधनको अनिवार्य रुपमा सुरक्षण गराउनु पर्नेछ ।

५. **<u>स्वास्थ्य परीक्षण गराउनु पर्नेः</u>** (१) सदस्य संस्थाबाट कर्जा लिई पशुधन खरिद गरेको ऋणीले कर्जा लिएको पैंतीस दिनभित्र आफूले खरिद गरेको पशुधनको सम्बन्धित पशु सेवा कार्यालय वा ♦<u>कोषले</u> तोकेको प्राविधिकबाट स्वास्थ्य परीक्षण गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पशुधनको स्वास्थ्य परीक्षण गराउँदा त्यस्तो पशुधन स्वस्थ वा रोगी जे देखिन्छ सोही व्यहोरा खुलाई त्यस्तो पशुधनको स्वास्थ्य परीक्षण गर्ने प्राविधिकले सम्बन्धित ऋणीलाई अनुसूची -२ बमोजिमको ढाँचामा स्वास्थ्य परीक्षण प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

६. **<u>सङ्केत पट्टा लगाउनु पर्नेः</u>** (१) नियम ५ बमोजिम स्वास्थ्य परीक्षण गर्दा त्यस्तो पशुधन स्वस्थ र निरोगी प्रमाणित भएमा स्वास्थ्य परीक्षण गर्ने प्राविधिकले त्यस्तो पशुधनलाई कोषले उपलब्ध गराएको सङ्केत पट्टा लगाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सुरक्षित पशुधनलाई लगाएको सङ्केत पट्टा यस नियमावली बमोजिम त्यस्तो पशुधन सुरक्षणमा रहेसम्म झिक्न हुँदैन ।

(३) कुनै कारणले सुरक्षणको अवधि समाप्त नहुँदै त्यस्तो पशुधनको सङ्केत पट्टा हराएमा वा नष्ट भएमा पशुधनीले सम्बन्धित प्राविधिक, सदस्य संस्थाको प्रतिनिधि वा सामूहिक जमानी अन्तर्गत खरिद गरी सुरक्षण गरिएको पशुधनको हकमा त्यस्तो समूहको अध्यक्षलाई सो कुराको जानकारी गराई त्यस्तो पशुधनलाई तत्कालै अर्को सङ्केत पट्टा लगाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सुरक्षित पशुधनलाई पुनः सङ्केत पट्टा लगाएको भए सम्बन्धित सुरक्षणकर्ताले सोको जानकारी सदस्य संस्था मार्फत कोषलाई दिनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम पशुधनलाई सङ्केत पट्टा लगाइसकेपछि त्यसअघि हराएको सङ्केत पट्टा फेला परेमा सुरक्षणकर्ताले त्यस्तो सङ्केत पट्टा सम्बन्धित सदस्य संस्था वा कोषमा बुझाउनु पर्नेछ ।

---

♦ पहिलो संशोधनद्वारा संशोधित।

७. **विवरण पेश गर्नु पर्नेः** सदस्य संस्थाबाट कर्जा लिई पशुधन खरिद गरेका ऋणीले त्यसरी खरिद गरेको पशुधन सुरक्षणको लागि सम्बन्धित सदस्य संस्थामा देहायका विवरण [ω]कागजात पेश गर्नु पर्नेछ र त्यस्तो विवरण वा कागजात विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछः-

(क) ऋणीले कर्जा लिँदाका बखत सदस्य संस्थामा पेश गरेको अनुसूची - ३ बमोजिमको ढाँचाको सहमतिपत्रको प्रतिलिपि,

(ख) नियम ५ को उपनियम (२) बमोजिमको स्वास्थ्य परीक्षण प्रमाणपत्र,

(ग) नियम ६ बमोजिम पशुधनलाई सङ्केत पट्टा लगाएको निस्सा,

(घ) ब्रिडर कृषकको हकमा सम्बन्धित पशु सेवा कार्यालयले निज ब्रिडर कृषक भएको व्यहोरा प्रमाणित गरिदिएको कागजात,

[θ](घ१) अनुसूची-३क. बमोजिमको ढाँचामा पशुधनको विवरण ।

(ङ) पशुको प्रजनन सम्बन्धी प्रस्तावित परियोजना वा स्किम ।

८. **सुरक्षण लेख जारी गर्नेः** (१) नियम ७ बमोजिम पशुधन सुरक्षणको लागि प्राप्त विवरण कागजात जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा सदस्य संस्थाले त्यस्तो पशुधनको सुरक्षण लेख जारी गर्न [♦]साठी दिनभित्र कोषमा [ω]पठाउनु पर्नेछ ।

[ω](२) उपनियम (१) बमोजिम विवरण प्राप्त भएमा कोषले आवश्यक जाँचबुझ गरी मनासिब देखिएमा नब्बे दिनभित्र त्यस्तो पशुधनको सुरक्षण लेख जारी गर्नु पर्नेछ। यसरी जारी भएको सुरक्षण लेख सदस्य संस्थालाई विद्युतीय माध्यमबाट समेत उपलब्ध गराउन सकिनेछ।

(३) उपनियम (२) बमोजिम सुरक्षण लेख जारी गर्दा कोषले प्रत्येक पशुधनको लागि अनुसूची - ४ बमोजिम छुट्टाछुट्टै सुरक्षण लेख जारी गर्नु पर्नेछ ।

---

[ω] चौथो संशोधनद्वारा संशोधित।

[θ] पहिलो संशोधनद्वारा थप।

[♦] पहिलो संशोधनद्वारा संशोधित।

(४) उपनियम (२) बमोजिम जारी गरिएको सुरक्षण लेखको एक प्रति कोषले सम्बन्धित सुरक्षणकर्तालाई र अर्को एक प्रति सम्बन्धित सदस्य संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।

(५) कुनै ऋणीले नियम ५ को उपनियम (१) बमोजिम पैंतीस दिनभित्र पशुधनको स्वास्थ्य परीक्षण गराउन नसकेमा वा सदस्य संस्थाले उपनियम (१) बमोजिम तोकिएको अवधिभित्र सुरक्षण लेख जारी गर्नको लागि [७]कोषमा विवरण पठाउन नसकेमा त्यस्तो ऋणी वा सदस्य संस्थाको अनुरोधमा प्रमुख कार्यकारी अधिकृतले स्वास्थ्य परीक्षण गराउन वा सुरक्षण लेख [७]जारी गर्ने गरी विवरण पठाउन बढीमा पैंतीस दिनको अवधि थप गरिदिन सक्नेछ ।

[७]९. **पशुधनको सुरक्षण रकमको सीमाः** सदस्य संस्थाबाट कर्जा लिई खरिद गरेको पशुधनको सुरक्षण हुने रकमको सीमा अनुसूची-४क. मा उल्लेख भए बमोजिम हुनेछ।

१०. **पशुधनको उमेर र सङ्ख्याः** (१) कोषले चार वर्षसम्मको उमेर भएका साना पशुधन र दुई वर्षदेखि एघार वर्षसम्मको उमेर भएका ठुला पशुधनको मात्र यस नियमावली बमोजिम सुरक्षण गर्नेछ ।

(२) कोषले देहायको प्रयोजनको लागि ऋणीले खरिद गरेको पशुधनको देहाय बमोजिमको सङ्ख्यामा मात्र सुरक्षणको लेख जारी गर्नेछः-

(क) प्रजननको लागि खरिद गरिएका पाँच पाँच वटासम्म साँढे, राँगो, बोका, भेडा, च्याङ्ग्रा वा बङ्गुर,

(ख) टाँगा व्यवसायको लागि खरिद गरिएका पाँच पाँच वटासम्म घोडा वा घोडी,

(ग) जोत्नको लागि खरिद गरिएका छ छ वटासम्म गोरु वा राँगा ।

(३) उपनियम (२) मा लेखिए देखि बाहेक अन्य पशुधनको सुरक्षण गर्दा सङ्ख्याको सीमा लाग्ने छैन ।

नेपाल कानून आयोग

---

[७] चौथो संशोधनद्वारा संशोधित।

११. **सुरक्षण शुल्कः** (१) यस नियमावली बमोजिम पशुधन सुरक्षण गराउँदा सुरक्षणकर्ताले त्यस्तो पशुधनको कुल सुरक्षण रकमको ♣पाँच प्रतिशतले हुन आउने रकम वार्षिक सुरक्षण शुल्क बापत कोषलाई बुझाउनु पर्नेछ ।

ω(२) उपनियम (१) बमोजिमको वार्षिक सुरक्षण शुल्कमा नेपाल सरकारले कोष मार्फत अनुदान उपलब्ध गराउने व्यवस्था गरेकोमा त्यसरी उपलब्ध गराइएको अनुदान बापतको रकम घटाई वार्षिक सुरक्षण शुल्कको बाँकी रकम सम्बन्धित ऋणीको तर्फबाट सदस्य संस्थाले कोषलाई अग्रिम रुपमा भुक्तानी गर्नेछ।

(३) उपनियम (२) बमोजिम सुरक्षण शुल्क लिँदा कोषले कर्जा भुक्तानी गर्ने अन्तिम वर्षको हकमा कर्जा तिर्ने अवधि छ महिना वा सोभन्दा कम बाँकी भएमा छ महिनाको र छ महिनाभन्दा बढी अवधि बाँकी भएमा एक वर्षको सुरक्षण शुल्क लिनेछ ।

(४) उपनियम (१) बमोजिम ऋणीले कोषलाई बुझाउनु पर्ने वार्षिक सुरक्षण शुल्क निजले अनुसूची - ३ बमोजिमको सहमतिपत्रमा उल्लेख गरेबमोजिम आफैंले वा सदस्य संस्था मार्फत Ω पशुधनको स्वास्थ्य परीक्षण गरेको पन्ध्र दिनभित्र अनिवार्य रुपमा कोषमा बुझाउनु पर्नेछ।

१२. **सुरक्षण लेखको प्रतिलिपिको मान्यता**ः यस नियमावली बमोजिम सुरक्षणकर्तालाई प्रदान गरिएको कुनै सुरक्षण लेखको सक्कल प्रति च्यातिएमा, हराएमा वा कुनै कारणले नष्ट भएमा कोष वा सदस्य संस्थामा रहेको सुरक्षण लेखको सक्कलबाट छायाँप्रति उतार गरी कैफियत जनाई कोष वा सदस्य संस्थाको अधिकार प्राप्त अधिकारीले प्रमाणित गरी सम्बन्धित सुरक्षणकर्ता वा सदस्य संस्थालाई उपलब्ध गराउनु पर्नेछ । त्यसरी उपलब्ध गराएको प्रतिलिपिलाई नियम ८ बमोजिम जारी भएको सक्कल सुरक्षण लेख सरह मानिनेछ ।

१३. **सुरक्षण लेख हस्तान्तरण नहुने**: सुरक्षणकर्ताले सुरक्षित पशुधन बिक्री गरी वा अन्य कुनै प्रकारले हक छाडी दिएमा त्यस्तो पशुधनको सुरक्षण लेख हस्तान्तरण हुने छैन ।

१४. **सुरक्षण लेख रद्द हुने**ः (१) देहायको अवस्थामा सुरक्षण लेख स्वतः रद्द हुनेछः-

---

♣ दोस्रो संशोधनद्धारा संशोधित।

ω चौथो संशोधनद्धारा संशोधित।

Ω तेस्रो संशोधनद्धारा थप।

(क) सुरक्षण लेखको अवधि समाप्त नहुँदै सुरक्षित पशुधन बिक्री गरेमा वा अन्य कुनै किसिमले हक छाडी दिएमा,

(ख) सुरक्षित पशुधन हराएको वा चोरी भएको कारणबाट सुरक्षण कर्ताको संरक्षणमा नरहेमा,

(ग) ऋणीले लिएको कर्जाको अन्तिम भुक्तानी मिति अगावै सम्पूर्ण कर्जा चुक्ता गरेमा ।

(२) उपनियम (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणीले सोही सदस्य संस्थाबाट लिएको अन्य कुनै किसिमको कर्जा चुक्ता गर्न बाँकी रहेछ भने निजले सो व्यहोरा सदस्य संस्थामार्फत कोषलाई जानकारी गराएमा कोषले सो सुरक्षण लेखमा उल्लिखित कर्जा भुक्तानी गर्नु पर्ने अन्तिम मितिसम्म कायमै राख्न सक्नेछ ।

१५. **पहिले खरिद भएका पशुधनको सुरक्षण हुन सक्नेः** यो नियमावली प्रारम्भ हुनुभन्दा एकानब्बे दिन अघिसम्म सदस्य संस्थाबाट कर्जा लिई खरिद गरिएका पशुधन सुरक्षण गर्नको लागि ऋणीले यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी सदस्य संस्था मार्फत कोषलाई अनुरोध गरेमा कोषले त्यस्ता ऋणीको पशुधनको यस नियमावली बमोजिम सुरक्षण गर्न सक्नेछ ।

१६. **नयाँ पशुधनको सुरक्षण गर्न सकिनेः** (१) सदस्य संस्थाले ऋणीको अनुरोधको आधारमा निजलाई ऋण भुक्तानी अवधि समाप्त नहुँदै सुरक्षित पशुधन बिक्री गरी सोको सट्टामा नयाँ पशुधन खरिद गर्न स्वीकृति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै ऋणीले कोषको स्वीकृतिमा सुरक्षित पशुधन बिक्री गरी नयाँ पशुधन खरिद गरेमा कोषले त्यस्तो नयाँ पशुधनको देहायको अवस्थामा सुरक्षण गर्न सक्नेछः-

(क) ऋणीले सदस्य संस्थाबाट स्वीकृती प्राप्त गरेको मितिले सात दिनभित्र नयाँ पशुधन खरिद गरेमा,

(ख) पशुधन खरिद गरेको सात दिनभित्र सदस्य संस्थालाई लिखित जानकारी दिएमा,

(ग) नियम ११ बमोजिमको सुरक्षण शुल्क बुझाएमा,

(घ) नयाँ पशुधन खरिद गरेको पैंतीस दिनभित्र स्वास्थ्य परीक्षण गराई नियम ६ बमोजिम सङ्केत पट्टा लगाएमा ।

(३) ऋणीले उपनियम (१) बमोजिम स्वीकृति लिई खरिद गरेको पशुधन सुरक्षणको लागि उपनियम (२) बमोजिमको प्रक्रिया पूरा गरेको प्रमाण सहित सम्बन्धित सदस्य संस्था समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम निवेदन परेमा सदस्य संस्थाले आवश्यक जाँचबुझ गरी निवेदन परेको पन्ध्र दिनभित्र त्यस्तो पशुधनको सुरक्षण लेख जारी गर्न कोषसमक्ष लेखी पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम लेखी आएमा कोषले सुरक्षण लेख जारी गर्ने मितिसम्ममा ऋणीको कर्जा खातामा बाँकी रहेको सावाँ र व्याज रकम वा शुरुको सुरक्षण लेखमा अंकित सुरक्षण रकममध्ये जुन कम हुन्छ सोही रकम उल्लेख गरी कर्जा भुक्तानीको बाँकी अवधिसम्मको लागि सुरक्षण लेख जारी गर्नु पर्नेछ ।

१७. **बैंक तथा वित्तीय संस्थाले पशुधन सुरक्षण गराउन सक्ने**ः (१) कोषको सदस्य नरहेको बैंक तथा वित्तीय संस्थाले कोषको स्वीकृती लिई कुनै फर्म वा व्यक्तिलाई दशलाख रुपैयाँ वा सोभन्दा बढी लगानी गरी खरिद गरिएका उन्नत गाई वा भैंसीको यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी सुरक्षण गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम खरिद गरिएका पशुधनको सुरक्षण प्रक्रिया, क्षतिपूर्ति दाबी लगायतका सुरक्षण सम्बन्धी सम्पूर्ण कुराको जिम्मेवारी त्यस्ता पशुधनमा लगानी गर्ने सम्बन्धित बैंक तथा वित्तीय संस्थाको हुनेछ ।

(३) यस नियम बमोजिम सुरक्षण गरिने पशुधनको स्वास्थ्य परीक्षण गर्ने, सङ्केत पट्टा लगाउने, पशुधनको मृत्यु प्रमाणपत्र जारी गर्ने र पशुधनको अनुत्पादक प्रमाणपत्र जारी गर्ने जस्ता कार्य सम्बन्धित [७]पशु सेवा कार्यालय वा सो सम्बन्धी कार्य गर्ने कार्यालयको प्राविधिक वा प्रचलित कानून बमोजिम कम्तीमा "घ" श्रेणीको पशु स्वास्थ्य तथा पशु सेवा

[७] चौथो संशोधनद्धारा संशोधित।

व्यवसायीको रुपमा दर्ता भएका व्यक्तिमध्येबाट कोषले तोकेको प्राविधिकबाट गराउनु पर्नेछ।

१८. **सुरक्षण लेखको निरन्तरताः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पशु प्रजननको फार्म सञ्चालन गर्ने ब्रिडर कृषकले सुरक्षित पशुधनको सुरक्षण लेखको अवधि समाप्त हुनु अगावै सदस्य संस्थाको पूर्व स्वीकृति लिएर पशुधन बिक्री गरी वा अन्य कुनै किसिमले हक छाडी दिएमा त्यस्तो पशुधन खरिद गर्ने वा हक प्राप्त गर्ने ब्रिडर कृषकले सो पशुधनको सुरक्षण लेखको बाँकी अवधिको लागि निरन्तरता दिन चाहेमा नियम ११ बमोजिमको सुरक्षण शुल्क सहितको नियम ७ को खण्ड (क) बमोजिमको सहमतिपत्र सम्बन्धित सदस्य संस्थामा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बिक्री गरी वा अन्य कुनै किसिमले हक छाडी दिएको पशुधनको सुरक्षण लेखलाई निरन्तरता दिन मनासिब देखिएमा सदस्य संस्थाले त्यसरी हक छाडीदिएको मितिमा सुरक्षणकर्ताको कर्जा खातामा बाँकी देखिएको कर्जा रकम (सावाँ र व्याज) र शुरुको सुरक्षण लेखमा अंकित सुरक्षण रकममध्ये जुन कम हुन्छ सो रकमलाई पशुधनको सङ्ख्याले भाग गर्दा प्रति पशुधन हुन आउने रकमसम्मको हद कायम गरी त्यस्तो सुरक्षण लेखलाई बाँकी अवधिसम्म निरन्तरता दिन कोषमा लेखी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लेखी पठाउँदा सदस्य संस्थाले आफुले दिएको स्वीकृती पत्र, सुरक्षण शुल्क बुझाएको प्रमाण र ब्रिडर कृषकको सहमतिपत्र संलग्न गरी कोषमा पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम लेखी आएमा र व्यहोरा जाँचबुझ गर्दा मनासिब देखेमा कोषले त्यस्तो सुरक्षण लेखलाई निरन्तरता दिई सोको जानकारी सात दिनभित्र सम्बन्धित सदस्य संस्थालाई दिनु पर्नेछ ।

१९. **पशुधन सुरक्षण सम्बन्धी विशेष व्यवस्थाः** (१) कोषले अनुरोध गरेमा सम्बन्धित पशु सेवा कार्यालयले पशुधन खरिद-बिक्री हुने ठाउँमा नै पशुधनको स्वास्थ्य परीक्षण र सङ्केत पट्टा लगाउन सकिने गरी आवश्यक व्यवस्था मिलाउनेछ ।

(२) उपनियम (१) बमोजिम स्वास्थ्य परीक्षण गरी सङ्केत पट्टा लगाएको पशुपालक कृषकले त्यस्तो पशुधन गन्तव्य स्थानमा पुर्याएको मितिले सात दिनभित्र त्यस्तो पशुधनको सुरक्षण लेख जारी गरिदिनको लागि नियम ११ बमोजिमको सुरक्षण शुल्क सहित सम्बन्धित सदस्य संस्था मार्फत कोषमा निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन कोषले जाँचबुझ गर्दा व्यहोरा मनासिब देखेमा पन्ध्र दिनभित्र त्यस्तो पशुधनको सुरक्षण लेख जारी गर्नु पर्नेछ ।

२०. **सुरक्षण लेख अवधिः** यस नियमावली बमोजिम जारी भएको सुरक्षण लेखको अवधि नियम ११ बमोजिम वार्षिक रुपमा सुरक्षण शुल्क बुझाएको आधारमा सुरक्षित पशुधनलाई सङ्केत पट्टा लगाएको मितिदेखि कर्जाको अन्तिम भुक्तानी मितिसम्म कायम रहनेछ ।

२१. **सुरक्षण नहुने अवस्थाः** देहायका अवस्थामा पशुधनको सुरक्षण हुने छैनः-

(क) नियम ७ बमोजिमका विवरण कागजात पेश नभएमा,

(ख) पशुधन रोगी र अस्वस्थ प्रमाणित भएमा,

(ग) सुरक्षणको लागि प्रस्तावित पशुधन अन्यत्र सुरक्षण भइसकेमा,

(घ) पशुधनको उमेर नियम १० को उपनियम (१) अनुरुप नभएमा ।

२२. **सुरक्षण शुल्क फिर्ता पाउनेः** पशुधनको सुरक्षण लेख जारी नहुँदै त्यस्तो पशुधन कुनै कारणले अस्वस्थ वा रोगी भएको प्रमाणित भएमा सम्बन्धित पशुपालक कृषक वा ब्रिडर कृषकले त्यस्तो पशुधनको सुरक्षण बापत सदस्य संस्थामा बुझाएको अग्रिम सुरक्षण शुल्क पूरै फिर्ता पाउनेछ।

२३. **सुरक्षण लेख नवीकरण गर्नु पर्नेः** सदस्य संस्थाले आफूले कर्जा प्रदान गरेको अन्तिम भुक्तानी मितिसम्म सम्पूर्ण कर्जा असूल उपर हुन नसक्ने देखेमा वा ऋणीले कर्जा चुक्ता गर्ने अवधि बढाउन अनुरोध गरेमा त्यस्तो सुरक्षण लेखको ♦म्याद समाप्त हुनु भन्दा ♫सात दिन अगावै देहायका विवरण कागजात संलग्न गरी नवीकरणका लागि कोषमा लेखी पठाउनु पर्नेछ :-

---

♦ पहिलो संशोधनद्वारा संशोधित।

♫ तेस्रो संशोधनद्धारा संशोधित।

(क) ..............,

(ख) नियम ११ बमोजिमको वार्षिक सुरक्षण शुल्क बुझाएको निस्सा,

(ग) अनुसूची - ५ बमोजिमको ढाँचामा पशुधनको सुरक्षण विवरण ।

२४. **पशुधनको मृत्यु भएमा वा अनुत्पादक भएमा जानकारी दिनु पर्नेः** सुरक्षणकर्ताले सुरक्षित पशुधनको मृत्यु भएमा सोको अठ्चालीस घण्टाभित्र र पशुधन अनुत्पादक भएको वा अनुत्पादक भएको शंका लागेमा तुरुन्त सम्बन्धित सदस्य संस्था र सम्बन्धित पशु सेवा कार्यालयको प्राविधिकलाई वा सामूहिक जमानी अन्तर्गत खरिद भई सुरक्षण भएका पशुधनको हकमा सम्बन्धित समूहको अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ ।

२५. **मृत्यु प्रमाणपत्र जारी गर्नेः** (१) नियम २४ बमोजिमको जानकारी प्राप्त भएमा सदस्य संस्थाले खटाएको कर्मचारी, सम्बन्धित प्राविधिक वा समूहको अध्यक्षले यथाशीघ्र मृत पशुधनको यकिन गरी अनुसूची - ६ बमोजिमको ढाँचामा मृत पशुधनको मृत्यु प्रमाणपत्र जारी गरिदिनु पर्नेछ ।

(२) नियम १९ को उपनियम (१) बमोजिम खरिद - बिक्री स्थलमा नै सुरक्षण भएको पशुधन गन्तव्य स्थानमा नपुग्दै बाटोमा मृत्यु भएमा सुरक्षणकर्ताले तत्कालै सम्बन्धित पशु सेवा कार्यालयका प्राविधिक वा कोषबाट मान्यता प्राप्त प्राविधिक समक्ष लिखित सूचना दिनु पर्नेछ । त्यस्तो सूचना प्राप्त भएपछि सम्बन्धित प्राविधिकले यथाशीघ्र त्यस्तो पशुधनको मृत्यु भएको स्थलमा गई जाँची मृत पशुधनको मृत्यु प्रमाणपत्र जारी गरिदिनु पर्नेछ ।

(३) गधा, घोडा, घोडी, खच्चड वा झोपाको नियम ७ को खण्ड (क) बमोजिमको सुरक्षण सहमतिपत्रमा उल्लिखित दैनिक हिड्ने मार्गमा मृत्यु भएमा सो स्थानबाट नजिकको पशु सेवा कार्यालयको प्राविधिकले त्यस्तो मृत पशुधनको मृत्यु प्रमाणपत्र जारी गरिदिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम मृत्यु प्रमाणपत्र जारी गर्नु अघि सम्बन्धित प्राविधिकले सुरक्षित पशुधनको मृत्युको कारण खुलाई प्राकृतिक विपद् वा जंगली जनावरको

पहिलो संशोधनद्वारा झिकिएको।

आक्रमणको कारणबाट भएकोमा सम्बन्धित सदस्य संस्था र सामूहिक जमानी अन्तर्गत खरिद भई सुरक्षण भएका पशुधनको हकमा त्यस्तो समूहको अध्यक्ष समेतको रोहबरमा स्थानीय बासिन्दाबाट मुचुल्का गराउनु पर्नेछ ।

२६. **पशुधन अनुत्पादक भएको प्रमाणपत्र जारी गर्ने:** ♦पशु सेवा कार्यालयको प्राविधिक वा कोषले तोकेको प्राविधिकले सुरक्षणकर्ताबाट नियम २४ बमोजिम सुरक्षित पशुधन अनुत्पादक भएको लिखित जानकारी प्राप्त गरेपछि सो मितिले दुई महिनासम्म उक्त पशुधनलाई आफ्नो निगरानीमा राख्नु पर्नेछ । त्यसरी निगरानीमा राख्दा त्यस्तो पशुधन अनुत्पादक भएको ठहरिएमा अनुसूची - ७ बमोजिमको ढाँचामा पशुधन अनुत्पादक प्रमाणपत्र जारी गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## सुरक्षित पशुधनको क्षतिपूर्ति दाबी

२७. **मृत पशुधन क्षतिपूर्ति दाबी**: (१) सुरक्षित पशुधनको मृत्यु भएको मितिले सात दिनभित्र सम्बन्धित सुरक्षणकर्ताले देहायका कागजात संलग्न गरी अनुसूची - ८ बमोजिमको ढाँचामा मृत पशुधनको क्षतिपूर्ति दाबी गरी सम्बन्धित सदस्य संस्था मार्फत कोष समक्ष निवेदन दिनु पर्नेछ :-

(क) पशुधन सुरक्षण लेखको सक्कल प्रति,

(ख) नियम २५ बमोजिम जारी गरिएको पशुधनको मृत्यु प्रमाणपत्र,

(ग) नियम ६ बमोजिम सुरक्षित पशुधनलाई लगाइएको सङ्केत पट्टा ।

(२) सुरक्षणकर्ताको मृत्यु भई वा अन्य कारणले उपनियम (१) बमोजिम क्षतिपूर्ति दाबी गर्न नसकेमा निजले इच्छाएको व्यक्ति, वारेस वा प्रचलित कानून बमोजिमको हकवालाले उपनियम (१) मा उल्लिखित कागजातहरुका अतिरिक्त आफू इच्छाएको व्यक्ति, वारेस वा हकवाला भएको प्रमाण समेत संलग्न गरी क्षतिपूर्ति दाबी गर्न सक्नेछ ।

♦ पहिलो संशोधनद्वारा संशोधित।

(३) उपनियम (१) वा (२) बमोजिम मृत पशुधनको क्षतिपूर्तिको दाबी सम्बन्धी निवेदन प्राप्त भएमा सदस्य संस्थाले पन्ध्र दिनभित्र त्यस्तो दाबी फछ्र्यौंट लागि कोषमा लेखी पठाउनु पर्नेछ ।

(४) कोषले उपनियम (१) वा (३) बमोजिम सदस्य संस्थाबाट क्षतिपूर्ति दाबी सम्बन्धी सम्पूर्ण विवरण कागजात प्राप्त भएको पैंतीस दिनभित्र कोषले आवश्यक जाँचबुझ गरी यस नियमावली बमोजिमको क्षतिपूर्ति दाबी स्वीकृत गर्ने वा नगर्ने विषयमा निर्णय गर्नेछ।

२८. **पुनः दाबी गर्न सक्नेः** (१) नियम २७ बमोजिम पेश गरेको क्षतिपूर्ति दाबी कोषले स्वीकृत नगरेमा सुरक्षणकर्ताले सोको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो दाबी प्रमाणित गर्ने थप विवरण कागजात भए सो संलग्न गरी पुनः दाबीको लागि सदस्य संस्था मार्फत कोषमा अनुरोध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पुनः दाबीको लागि सदस्य संस्था मार्फत कोषमा अनुरोध भै आएमा कोषले प्राप्त विवरण कागजातको आधारमा त्यस्तो दाबी स्वीकृत गर्न सक्नेछ ।

२९. **क्षतिपूर्ति दाबी नलाग्ने अवस्थाः** सुरक्षित पशुधनको देहायको कुनै अवस्थामा क्षतिपूर्ति दाबी लाग्ने छैन :-

(क) निर्धारित अवधिभित्र दाबी प्रकृया पूरा नगरेको,

(ख) सुरक्षणकर्ताले सुरक्षित पशुधन उपरको हक कुनै कारणले छाडी दिएको वा त्यस्तो पशुधन हराएको वा चोरी भएको,

(ग) सुरक्षित पशुधनलाई मार्ने उद्देश्यले घाइते बनाएको वा सुरक्षणकर्ता वा निजको एकाघर परिवारका सदस्यको लापरवाहीले पशुधनको मृत्यु भएको,

(घ) सुरक्षणकर्ताले सुरक्षण लेख अवधिभर निर्धारित म्यादभित्र बुझाउनु पर्ने नियम ११ बमोजिमको सुरक्षण शुल्क नबुझाएको,

(ङ) सुरक्षित पशुधनको शरीरमा लगाएको सङ्केत पट्टा नभएको र हराएको भए सुरक्षणकर्ताले सोको जानकारी सम्बन्धित सदस्य संस्था, पशु सेवा कार्यालय वा कोषबाट मान्यता प्राप्त प्राविधिक र सामूहिक जमानी अन्तर्गत खरिद भएको पशुधनको हकमा समूहको अध्यक्षलाई लिखित रुपमा नदिएको,

(च) यस नियमावली बमोजिम क्षतिपूर्ति दाबीको लागि पेश गर्नु पर्ने सम्पूर्ण कागजात तथा प्रमाणहरु पेश नगरेको,

(छ) सुरक्षित पशुधनलाई जुन उद्देश्य र प्रयोजनमा प्रयोग गर्नु पर्ने हो सो अनुरुप प्रयोग नगरेको,

(ज) गधा, घोडा, घोडी, खच्चड वा झोपाको नियम ७ को खण्ड (क) बमोजिमको सुरक्षण गर्ने सहमतिपत्रमा उल्लिखित मार्ग भन्दा अन्य मार्गमा चलाएको अवस्थामा मृत्यु भएको,

(झ) नियम २७ को उपनियम (१) वा नियम २८ को उपनियम (१) बमोजिमको अवधि भित्र दाबी वा पुनः दाबी नगरेको, वा

(ञ) कोषले निर्धारण गरेको अन्य विषय ।

३०. **<u>पशुधनको क्षतिपूर्ति:</u>** कोषले सुरक्षित पशुधनको मृत्यु भएमा सोको क्षतिपूर्ति बापत सुरक्षण लेखमा उल्लिखित सुरक्षण रकमको नब्बे प्रतिशतले हुन आउने रकम सम्बन्धित सदस्य संस्था मार्फत सुरक्षणकर्तालाई प्रदान गर्नु पर्नेछ ।

३१. **<u>अनुत्पादक पशुधनको क्षतिपूर्ति दाबी:</u>** नियम २६ बमोजिम पशुधन अनुत्पादक प्रमाणित भएको मितिले सात दिनभित्र सुरक्षणकर्ताले देहायका कागजातहरु संलग्न गरी सदस्य संस्था मार्फत कोषसमक्ष अनुसूची -९ बमोजिमको ढाँचामा क्षतिपूर्ति दाबी गर्नु पर्नेछ :-

(क) सुरक्षणकर्ताले सुरक्षित पशुधन अनुत्पादक भएको व्यहोरा [७]<u>पशु सेवा कार्यालय वा सो सम्बन्धी कार्य गर्ने कार्यालयको प्राविधिक वा प्रचलित कानून बमोजिम कम्तीमा "घ" श्रेणीको पशु स्वास्थ्य तथा पशु सेवा</u>

[७] चौथो संशोधनद्वारा संशोधित।

व्यवसायीको रुपमा दर्ता भएका व्यक्तिमध्येबाट कोषले तोकेको प्राविधिकलाई सूचना गरेको पत्रको प्रतिलिपी,

(ख) पशुधन सुरक्षण लेखको सक्कल प्रति,

(ग) नियम २६ बमोजिम जारी भएको सुरक्षित पशुधन अनुत्पादक भएको प्रमाणपत्र ।

३२. **अनुत्पादक पशुधनको क्षतिपूर्तिः** नियम २६ बमोजिम सुरक्षित पशुधन अनुत्पादक भएको प्रमाणित भएमा कोषले त्यस्तो पशुधनको सुरक्षण लेखमा उल्लिखित सुरक्षण रकमको पचास प्रतिशतले हुने रकम सदस्य संस्था मार्फत सुरक्षणकर्तालाई क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ।

३३. **पारिश्रमिकः** सुरक्षण गरिने पशुधनको स्वास्थ्य परीक्षण गर्ने, सङ्केत पट्टा लगाउने, मृत्यु प्रमाणित गर्ने तथा अनुत्पादक प्रमाणित गर्ने कार्य गरे बापत सम्बन्धित प्राविधिक, सम्बन्धित सदस्य संस्थाका कर्मचारी र सामूहिक जमानी अन्तर्गत खरिद भई सुरक्षण भएका पशुधनको हकमा समूहको अध्यक्षलाई [ω]कोषले ठूला पशुधन र साना पशुधनको लागि फरक फरक हुने गरी पशुधनको सङ्ख्याको आधारमा समितिले निर्धारण गरेको दरले पारिश्रमिक दिनेछ ।

[δ]३३क. **एजेण्ट तोक्न सक्नेः** (१) पशुधन सुरक्षण कार्यक्रमको बिक्री वितरण, बजार विस्तार र व्यवसाय प्रवर्द्धनका लागि देहायको योग्यता पुगेको व्यक्तिलाई कोषले प्रयोजन खुलाई आफ्नो एजेण्टको रुपमा काम गर्ने गरी तोक्न सक्नेछः-

(क) बैङ्क, वित्तीय संस्था, सहकारी संस्था वा बीमा सम्बन्धी कार्य गर्ने सङ्गठित संस्थामा कम्तीमा तीन वर्ष कार्य गरेको वा प्रचलित कानून बमोजिम कम्तीमा "घ" श्रेणीको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीको रुपमा काम गर्ने गरी नेपाल सरकारबाट मान्यता प्राप्त निकायमा दर्ता भएको वा त्यस्तो निकायबाट इजाजत प्राप्त गरेको,

(ख) कम्तीमा माध्यमिक शिक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, र

---

[ω] चौथो संशोधनद्धारा संशोधित।

[δ] चौथो संशोधनद्धारा थप।



नेपाल कानून आयोग

(ग) कोषले सञ्चालन गरेको पशुधन सुरक्षण सम्बन्धी तालिममा सहभागी भई प्रमाणपत्र प्राप्त गरेको।

(२) उपनियम (१) बमोजिम तोकिएको एजेण्टलाई समितिले निर्धारण गरे बमोजिम कमिशन दिइनेछ। त्यसरी कमिशन निर्धारण गर्दा एजेण्टको कार्य सम्पादनको आधारमा निर्धारण गरिनेछ।

(३) उपनियम (१) बमोजिम तोकिएको एजेण्टको एजेन्सी बहाल रहने अवधि तीन वर्षको हुनेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम तोकिएको एजेण्टले ऐन तथा यस नियमावली विपरीतको काम कारबाही गरेमा वा कोषलाई हानि नोक्सानी पुऱ्याउने कुनै कार्य गरेमा निजलाई प्रमुख कार्यकारी अधिकृतले जुनसुकै बखत एजेण्टबाट हटाउन सक्नेछ।

(५) उपनियम (१) बमोजिम तोकिएको एजेण्टको काम, कर्तव्य र अधिकार कोषले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद - ४

## कर्जा सुरक्षण सम्बन्धी व्यवस्था

३४. **सम्झौता गर्नु पर्नेः** (१) सदस्य संस्थाले आफूले प्रदान गरेको कर्जा सुरक्षण गर्नको लागि कोषसँग अनुसूची - १० बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) प्रचलित कानून बमोजिम सदस्य संस्थाहरु एक आपसमा [७]गाभिएमा वा एकले अर्कोलाई प्राप्ति गरेमा त्यसरी गाभिए वा प्राप्ति पछि कायम भएको संस्थाको नाम परिवर्तन भएमा सो संस्थाले कोषसँग उपनियम (१) बमोजिम सम्झौता गर्नु पर्नेछ ।

[७](३) प्रचलित कानून बमोजिम सदस्य संस्थाहरु एकआपसमा गाभ्ने, गाभिने वा एकले अर्कोलाई प्राप्ति गरेमा त्यसरी गाभिए वा प्राप्ति पछि कायम भएको नयाँ संस्थाले उपनियम (२) बमोजिम सम्झौता गरेपछि त्यस्तो संस्थाले प्रवाह गर्ने कर्जा यस नियमावली बमोजिम कोषमा स्वतः सुरक्षण भएको मानिनेछ।

---

[७] चौथो संशोधनद्वारा संशोधित।

[δ](३क) कोषको सदस्य नरहेको कुनै बैङ्क वा वित्तीय संस्था कोषको कुनै सदस्य संस्थासँग गाभिएमा वा एकले अर्कोलाई प्राप्ति गरेमा त्यसरी गाभिए वा प्राप्ति पछि कायम हुने संस्थाले यस नियमावली बमोजिम कोषसँग सम्झौता गरी सुरक्षण गर्नु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल राष्ट्र बैंकद्धारा समस्याग्रस्त घोषणा गरिएको वा सो बैंकले तोकेको पूँजी कोष कायम नगरेको बैंक तथा वित्तीय संस्थासँग कोषले यस नियमावली बमोजिम कर्जा सुरक्षण सम्झौता गर्ने छैन ।

[δ](५) एक सदस्य संस्थाले आफूले प्रदान गरेको कर्जा आंशिक वा पूर्ण रुपमा अर्को सदस्य संस्थालाई बिक्री वा हस्तान्तरण गरेमा त्यस्तो कर्जा यस नियमावली बमोजिम कोषमा स्वतः सुरक्षण भएको मानिनेछ।

[δ](६) सदस्य संस्थाले आफूले प्रदान गरेको कर्जा आंशिक वा पूर्ण रुपमा कोषको सदस्य नरहेको बैङ्क वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरेमा त्यस्तो कर्जा खरिद वा हस्तान्तरण गरी लिने संस्थाले यस नियमावली बमोजिम कोषसँग सम्झौता गरी सुरक्षण गर्न सक्नेछ।

३५. **कर्जाको सुरक्षणः** (१) कोषले नेपाल सरकारले लागू गरेको कर्जा कार्यक्रम अन्तरगत धितो सुरक्षण नलिई सामूहिक जमानीमा वा चल अचल सम्पत्ति वा परियोजना धितोमा राखी सदस्य संस्थाले प्रवाह गरेको देहाय बमोजिमका कर्जाको सुरक्षण गर्नेछः-

(क) लघु वित्त तथा विपन्न वर्ग कर्जा कार्यक्रम,

(ख) साना तथा मझौला उद्यम कर्जा,

(ग) कृषि कर्जा कार्यक्रम अन्तर्गत व्यवसायमा ऋणीलाई प्रवाह गरेको सम्पूर्ण कर्जा,

---

[♦] पहिलो संशोधनद्धारा संशोधित।

[δ] चौथो संशोधनद्धारा थप।

♦(घ) शैक्षिक कर्जा तथा शैक्षिक बेरोजगार व्यवसाय कर्जा,

θ(ङ) निर्यात व्यवसाय अन्तर्गत ऋणीलाई प्रवाह भएको कर्जा ।

χ(२) .....................

(३) नेपाल सरकारले अनिवार्य रुपमा कर्जा प्रवाह गर्नु पर्ने भनी नेपाल राष्ट्र बैंक मार्फत बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएमा त्यसरी प्रवाह गरेको कर्जा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले अनिवार्य रुपमा कोषमा सुरक्षण गराउनु पर्नेछ ।

δ(४) उपनियम (१) बमोजिमका सुरक्षण कार्यक्रम बाहेक कोषको सुरक्षण कोषको आकार, कोषको वित्तीय स्रोत साधन, बजारको माग र आवश्यकता बमोजिम कोषले जलवायु परिवर्तन, नवप्रवर्तन, सूचना प्रविधि, सीप विकास तालिम वा प्रशिक्षण, वातावरण संरक्षण, विपद् व्यवस्थापन, वैकल्पिक तथा नवीकरणीय उर्जा, महिला उद्यमशीलता लगायतका कर्जा लगानीका क्षेत्र समावेश हुने गरी नयाँ सुरक्षण कार्यक्रम लागू गर्न सक्नेछ।

δ(५) उपनियम (४) बमोजिमको कार्यक्रमको सुरक्षण रकमको सीमा, वार्षिक सुरक्षण शुल्कको दर, दाबी भुक्तानी तथा असुली सम्बन्धी व्यवस्था समितिबाट स्वीकृत सुरक्षण योजनामा उल्लेख भए बमोजिम हुनेछ।

δ(६) यस नियमावली बमोजिमका कर्जा सुरक्षण कार्यक्रमको विस्तार र प्रवर्द्धनका लागि कोषले प्रदेश सरकारको सम्बन्धित निकाय तथा स्थानीय तहको कार्यालयसँग आवश्यक सम्झौता गर्न सक्नेछ।

ω**३६. <u>लघु वित्त तथा विपन्न वर्ग कर्जाको सुरक्षणः</u>** (१) कोषले लघुवित्त तथा विपन्न वर्ग कर्जा कार्यक्रम अन्तर्गत अनुसूची-११ को खण्ड (क) मा उल्लिखित व्यवसायमा सदस्य संस्थाले

♦ पहिलो संशोधनद्वारा संशोधित।

θ पहिलो संशोधनद्वारा थप।

χ दोस्रो संशोधनद्वारा झिकिएको।

δ चौथो संशोधनद्वारा थप।

ω चौथो संशोधनद्वारा संशोधित।

प्रवाह गरेको कर्जाको सुरक्षण सीमा नेपाल राष्ट्र बैङ्कले समय समयमा तोकेको सीमामा नबढ्ने गरी मन्त्रालयको स्वीकृतिमा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) सदस्य संस्थाले लघुवित्त तथा विपन्न वर्ग कर्जा कार्यक्रम अन्तर्गत प्रवाह हुने कर्जाको सुरक्षण गराउँदा त्यस्तो कर्जाको असार, असोज, पुस र चैत मसान्तमा बाँकी रहेको सावाँ र सोको ब्याज जोडी मन्त्रालयको स्वीकृतिमा समितिले निर्धारण गरे बमोजिमको दरले हुन आउने रकम वार्षिक सुरक्षण शुल्क बापत कोषमा बुझाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम वार्षिक सुरक्षण शुल्क निर्धारण गर्दा सदस्य संस्थाको वित्तीय अवस्था, बजारको माग, त्यस्तो कर्जा सुरक्षण गर्न कुनै खर्च लाग्ने भए त्यसरी लाग्ने वास्तविक खर्च तथा सुरक्षण कार्यक्रममा अन्तर्निहित जोखिम समेतको आधारमा निर्धारण गर्नु पर्नेछ।

(४) सदस्य संस्थाले लघुवित्त तथा विपन्न वर्ग कर्जा शीर्षक अन्तर्गत प्रवाह भएको सम्पूर्ण कर्जाको सुरक्षण गर्नु पर्नेछ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्य संस्थाले लघुवित्त तथा विपन्न वर्ग कर्जामा वर्गीकृत हुने गरी छुट्टै शीर्षक वा उपशीर्षक खडा गरी कर्जा कार्यक्रम सञ्चालनमा ल्याएको भएमा कोषसँगको सम्झौतामा उल्लेख गरी त्यस्तो शीर्षक वा उपशीर्षक अन्तर्गतका सम्पूर्ण कर्जा समावेश गरी सुरक्षण गर्न सकिनेछ।

३७. **साना तथा मझौला उद्यम कर्जाको सुरक्षणः** (१) कोषले साना तथा मझौला उद्यम कर्जा अन्तरगत अनुसूची -११ को खण्ड (ख) मा उल्लिखित व्यवसायमा सदस्य संस्थाले प्रवाह गरेको ♣एक करोड रुपैयाँसम्मको कर्जाको सुरक्षण कोषले गर्नेछ । सदस्य संस्थाले ♣एक करोड रुपैयाँभन्दा बढी ♣तीन करोड रुपैयाँसम्मको कर्जाको सुरक्षण गराउन चाहेमा त्यस्तो कर्जा प्रवाह गर्नु अघि कोषको स्वीकृति लिनु पर्नेछ ।

७(२) सदस्य संस्थाले उपनियम (१) बमोजिम सुरक्षण गरेको रकमको असार, असोज, पुस र चैत मसान्तमा बाँकी रहेको सावाँ ब्याज जोडी मन्त्रालयको स्वीकृतिमा समितिले निर्धारण गरे बमोजिमको दरले हुन आउने रकम वार्षिक सुरक्षण शुल्क बापत कोषमा बुझाउनु पर्नेछ।

---

७ चौथो संशोधनद्वारा संशोधित।

δ(३) उपनियम (२) बमोजिम वार्षिक सुरक्षण शुल्क निर्धारण गर्दा सदस्य संस्थाको वित्तीय अवस्था, बजारको माग, त्यस्तो कर्जा सुरक्षण गर्न कुनै खर्च लाग्ने भए त्यसरी लाग्ने वास्तविक खर्च तथा सुरक्षण कार्यक्रममा अन्तर्निहित जोखिम समेतको आधारमा निर्धारण गर्नु पर्नेछ।

δ(४) सदस्य संस्थाले साना तथा मझौला उद्यम कर्जा शीर्षक अन्तर्गत प्रवाह भएको सम्पूर्ण कर्जाको सुरक्षण गर्नु पर्नेछ।

δ(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्य संस्थाले साना तथा मझौला उद्यम कर्जामा वर्गीकृत हुने गरी छुट्टै शीर्षक वा उपशीर्षक खडा गरी कर्जा कार्यक्रम सञ्चालनमा ल्याएको भएमा कोषसँगको सम्झौतामा उल्लेख गरी त्यस्तो शीर्षक वा उपशीर्षक अन्तर्गतका सम्पूर्ण कर्जा समावेश गरी सुरक्षण गर्न सकिनेछ।

३८. **कृषि कर्जाको सुरक्षण**: (१) कोषले कृषि कर्जा कार्यक्रम अन्तरगत सदस्य संस्थाले अनुसूची - ११ को खण्ड (ग) मा उल्लिखित व्यवसायमा प्रवाह गरेको ♣एक करोड रुपैयाँसम्मको कर्जाको सुरक्षण गर्नेछ । सदस्य संस्थाले ♣एक करोड रुपैयाँभन्दा बढी ♣तीन करोड रुपैयाँसम्मको कर्जाको सुरक्षण गराउन चाहेमा त्यस्तो कर्जा प्रवाह गर्नु अघि कोषको स्वीकृति लिनु पर्नेछ ।

ω(२) सदस्य संस्थाले उपनियम (१) बमोजिम सुरक्षण गरेको रकमको असार, असोज, पुस र चैत मसान्तमा बाँकी रहेको सावाँ ब्याज जोडी मन्त्रालयको स्वीकृतिमा समितिले निर्धारण गरे बमोजिमको दरले हुन आउने रकम वार्षिक सुरक्षण शुल्क बापत कोषमा बुझाउनु पर्नेछ।

δ(३) उपनियम (२) बमोजिम वार्षिक सुरक्षण शुल्क निर्धारण गर्दा सदस्य संस्थाको वित्तीय अवस्था, बजारको माग, त्यस्तो कर्जा सुरक्षण गर्न कुनै खर्च लाग्ने भए त्यसरी लाग्ने

---

♣ दोस्रो संशोधनद्धारा संशोधित।

ω चौथो संशोधनद्धारा संशोधित।

δ चौथो संशोधनद्धारा थप।

वास्तविक खर्च तथा सुरक्षण कार्यक्रममा अन्तर्निहित जोखिम समेतको आधारमा निर्धारण गर्नु पर्नेछ।

[δ](४) सदस्य संस्थाले कृषि कर्जा शीर्षक अन्तर्गत प्रवाह भएको सम्पूर्ण कर्जाको सुरक्षण गर्नु पर्नेछ।

[δ](५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्य संस्थाले कृषि कर्जामा वर्गीकृत हुने गरी छुट्टै शीर्षक वा उपशीर्षक खडा गरी कर्जा कार्यक्रम सञ्चालनमा ल्याएको भएमा कोषसँगको सम्झौतामा उल्लेख गरी त्यस्तो शीर्षक वा उपशीर्षक अन्तर्गतका सम्पूर्ण कर्जा समावेश गरी सुरक्षण गर्न सकिनेछ।

३९. **शैक्षिक कर्जा तथा शैक्षिक बेरोजगार व्यवसाय कर्जाको सुरक्षणः** (१) कोषले अनुसूची -१२ को खण्ड (क) मा उल्लिखित विषयमा अध्ययन गर्न नेपाल सरकारले विपन्न, सीमान्तकृत समुदाय र लक्षित वर्ग भनी परिभाषित गरेका व्यक्तिमध्ये सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट सिफारिस प्राप्त व्यक्तिलाई सदस्य संस्थाले प्रवाह गरेको दशलाख रुपैयाँसम्मको शैक्षिक कर्जाको सुरक्षण गर्नेछ ।

(२) कोषले अनुसूची -१२ को खण्ड (ख) मा उल्लिखित विषयमा व्यवसायिक तालीम लिई व्यवसाय स्थापना तथा सञ्चालन गर्न नेपाल सरकारले विपन्न, सीमान्तकृत समुदाय र लक्षित वर्ग भनी परिभाषित गरेका व्यक्तिमध्ये गाउँपालिका वा नगरपालिकाबाट सिफारिस प्राप्त शैक्षिक बेरोजगार व्यक्तिलाई सदस्य संस्थाले बिना धितो वा सामुहिक जमानीमा प्रवाह गरेको पाँच लाख रुपैयाँसम्मको कर्जाको सुरक्षण गर्नेछ ।

[Ω](२क) सदस्य संस्थाले चालीस वर्ष उमेर ननाघेका स्नातक तह वा सोभन्दा माथिको शैक्षिक योग्यता हासिल गरेको बेरोजगार विद्यार्थीलाई निजको शैक्षिक प्रमाणपत्र धितोमा राखी बढीमा पच्चीस लाख रुपैयाँसम्म प्रवाह गरेको शैक्षिक बेरोजगार कर्जाको कोषले सुरक्षण गर्नेछ।

---

[Ω] तेस्रो संशोधनद्वारा थप।

[δ] चौथो संशोधनद्वारा थप।

(३) उपनियम ♫(१), (२) र (२क) बमोजिम सुरक्षण गरिने कर्जाका सम्बन्धमा सदस्य संस्थाले ऋणीसँग कर्जा रकम भुक्तानी, कर्जामा लाग्ने व्याज तथा कर्जा चुक्ता गर्नु पर्ने अवधि, ऋणीले पालना गर्नु पर्ने शर्त लगायतका विषयमा सम्झौता गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम भएको सम्झौताको प्रति सदस्य संस्थाले कोषलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) यस नियम बमोजिम उपलब्ध गराउने सुरक्षण सम्बन्धमा कोषले आवश्यक प्रक्रिया निर्धारण गर्नेछ ।

δ(६) सदस्य संस्थाले उपनियम (१) र (२) बमोजिम सुरक्षण गरेको रकमको असार, असोज, पुस र चैत मसान्तमा बाँकी रहेको सावाँ ब्याज जोडी मन्त्रालयको स्वीकृतिमा समितिले निर्धारण गरे बमोजिमको दरले हुन आउने रकम वार्षिक सुरक्षण शुल्क बापत कोषमा बुझाउनु पर्नेछ।

θ३९क. **निर्यात कर्जाको सुरक्षण**ः (१) कोषले निर्यात कर्जा अन्तर्गत अनुसूची - ११ को खण्ड (घ) मा उल्लिखित व्यवसायको लागि सदस्य संस्थाले प्रवाह गरेको ♫तीन करोड रुपैयाँसम्मको कर्जाको सुरक्षण गर्नेछ ।

तर ♫पचास लाख रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्मको कर्जाको सुरक्षण गराउन चाहेमा सदस्य संस्थाले त्यस्तो कर्जा प्रवाह गर्नु अघि कोषको पूर्व स्वीकृति लिनु पर्नेछ ।

ω(२) सदस्य संस्थाले उपनियम (१) बमोजिम सुरक्षण गरेको रकमको असार, असोज, पुस र चैत मसान्तमा बाँकी रहेको साँवा ब्याज जोडी मन्त्रालयको स्वीकृतिमा समितिले निर्धारण गरे बमोजिमको दरले हुन आउने रकम वार्षिक सुरक्षण शुल्क बापत कोषमा बुझाउनु पर्नेछ।

---

♫ तेस्रो संशोधनद्धारा संशोधित।

δ चौथो संशोधनद्धारा थप।

θ पहिलो संशोधनद्धारा थप।

ω चौथो संशोधनद्धारा संशोधित।

४०. **<u>सुरक्षण शुल्क बुझाउने तरिकाः</u>** (१) नियम ३६ को उपनियम (२) बमोजिम कायम भएको लघु वित्त तथा विपन्न वर्ग कर्जाको वार्षिक सुरक्षण शुल्कको ♣<u>पचास प्रतिशत</u> रकम नेपाल सरकारबाट अनुदान स्वरुप कोषलाई प्राप्त हुनेछ । ω<u>बाँकी पचास प्रतिशत रकम त्रैमासिक रुपमा एकचौथाइका दरले त्रयमास समाप्त भएको दश दिनभित्र</u> सम्बन्धित सदस्य संस्थाले कोषमा बुझाउनु पर्नेछ ।

(२) नियम ३७ को उपनियम (२) बमोजिम कायम भएको साना तथा मझौला उद्यम कर्जा र नियम ३८ को उपनियम (२) बमोजिम कायम भएको कृषि कर्जाको वार्षिक सुरक्षण शुल्कमध्ये पचास प्रतिशत रकम नेपाल सरकारबाट अनुदान स्वरुप कोषलाई प्राप्त हुनेछ । ω<u>बाँकी पचास प्रतिशत रकम त्रैमासिक रुपमा एक चौथाइका दरले त्रयमास समाप्त भएको दश दिनभित्र</u> सम्बन्धित सदस्य संस्थाले कोषमा बुझाउनु पर्नेछ ।

(३) नियम ३९ बमोजिम प्रवाह हुने कर्जाको सुरक्षण गराए वापत सुरक्षण कर्जाको बाँकी सावाँ र व्याज रकमको एक प्रतिशत प्रति वर्षको दरले कोषमा सुरक्षण शुल्क बुझाउनु पर्नेछ । त्यसरी शुल्क बुझाउँदा सदस्य संस्थाले ω<u>त्यस्तो शुल्कको ♣पचास प्रतिशत शुल्क त्रैमासिक रुपमा एक चौथाइका दरले त्रयमास समाप्त भएको दश दिनभित्र</u> अग्रिम रुपमा बुझाउनु पर्नेछ र बाँकी ♣<u>पचास प्रतिशत</u> शुल्क नेपाल सरकारबाट कोषलाई अनुदान स्वरुप प्राप्त हुनेछ।

θ(३क) नियम ३९क. को उपनियम (२) बमोजिमको सुरक्षण शुल्कको ♣<u>पचास प्रतिशत</u> रकम नेपाल सरकारद्धारा कोषलाई अनुदान स्वरुप प्राप्त हुनेछ र ω<u>बाँकी ♣पचास</u>

---

♣ दोस्रो संशोधनद्धारा संशोधित।

θ पहिलो संशोधनद्धारा थप।

ω चौथो संशोधनद्धारा संशोधित।

प्रतिशत रकम त्रैमासिक रुपमा एकचौथाइका दरले त्रयमास समाप्त भएको दश दिनभित्र सदस्य संस्थाले कोषमा बुझाउनु पर्नेछ ।

(४) सदस्य संस्थाले यस नियम बमोजिम कुनै कर्जाको वार्षिक सुरक्षण शुल्क बुझाई सकेपछि सम्बन्धित कर्जा आंशिक वा पूर्ण रुपमा चुक्ता हुन आएमा कोषमा दाखिला भईसकेको सुरक्षण शुल्क फिर्ता हुने छैन ।

तर सुरक्षण हुन नपर्ने वा सुरक्षण नगरिएको कुनै कर्जा बापत सुरक्षण शुल्क समावेश हुन गएमा त्यस्तो सुरक्षण शुल्क सदस्य सँस्थाले कोषसँग फिर्ता माग गर्न सक्नेछ।

४१. **विवरण पठाउनु पर्ने**: (१) सदस्य संस्थाले नियम ३५ बमोजिम कोषमा सुरक्षण गरेको कर्जाको विवरण अनुसूची -१३ बमोजिमको ढाँचामा ◆प्रत्येक महिनाको दश गतेभित्र कोषमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम विवरण पठाउँदा कोषमा दाबी गरिसकेका कर्जाहरु समावेश गर्नु पर्ने छैन ।

(३) सदस्य संस्थाले आफ्नो कर्जाको पुनरावलोकन गर्दा वा कोष वा नेपाल राष्ट्र बैंकले निरीक्षण गर्दा कर्जा सुरक्षणको लागि कोषमा पठाएको विवरणमा कुनै कर्जाको विवरण छुट हुन गएको देखिएमा त्यसरी छुट हुन गएको कर्जाको भुक्तानी म्याद कम्तीमा छ महिना बाँकी रहेको र त्यस्तो कर्जा असल कर्जा रहेछ भने त्यसरी छुट भएको कर्जाको विवरण एक महिनाभित्र कोषमा पठाई त्यस्तो कर्जा सुरक्षण गराउन सक्नेछ ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषलाई आवश्यक भएमा सुरक्षण भएका कर्जासँग सम्बन्धित विस्तृत विवरण कोषले माग गर्न सक्नेछ ।

४२. ◆**क्षतिपूर्ति दाबी गर्ने**: (१) सदस्य संस्थाले यस नियमावली बमोजिम सुरक्षणमा रहेको कर्जाको ♣क्षतिपूर्ति दाबी गर्दा कर्जाको अन्तिम भुक्तानी मितिसम्म असूल उपर हुन बाँकी रहेको सावाँ र ब्याज रकममात्र कोषसँग दाबी गर्न सक्नेछ ।

---

◆ पहिलो संशोधनद्वारा संशोधित।

♣ दोस्रो संशोधनद्वारा संशोधित।

(२) सदस्य संस्थाले कोषसँग सुरक्षण गरेको कर्जाको भुक्तानी अवधि नाघेको मितिले दुई वर्षभित्र कोषमा दाबी गरिसक्नु पर्नेछ । सो अवधि नाघेपछि प्राप्त हुन आएको दाबी उपर कोषले कुनै कारबाही गर्ने छैन ।

(३) सदस्य संस्थाले भुक्तानी दाबी गर्दा अनुसूची -१४ बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजात संलग्न गरी कोषमा निवेदन दिनु पर्नेछः-

(क) अनुसूची -१५ बमोजिमको ढाँचामा ♦क्षतिपूर्ति दाबी गरिएको कर्जाको विवरण,

(ख) कर्जा असूल गर्न प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने □.......... प्रक्रिया पूरा गरेको देखिने विवरण कागजात,

(ग) कर्जा लगानी भएको व्यवसायको वित्तीय अवस्था र कर्जा असुली हुन नसकेको कारण समेत खुलेको निरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(घ) कर्जा हिसाबको पूर्ण विवरण (लेजर) को प्रतिलिपि ।

δ(ङ) समितिले निर्धारण गरेका अन्य विवरण तथा कागजात।

(४) कोषले सदस्य संस्थासँग उपनियम (१) मा उल्लिखित कागजातका अतिरिक्त आवश्यकता अनुसार ¶................ कर्जाको सदुपयोग भएको छ छैन भनी स्थलगत निरीक्षण समेत गर्न सक्नेछ ।

४३. **दाबी भुक्तानीः** (१) नियम ४२ को उपनियम (३) बमोजिम प्राप्त निवेदन कोषले जाँचबुझ गर्दा व्यहोरा मनासिब देखेमा तीस दिनभित्र अनुसूची -१६ बमोजिमको ढाँचामा त्यस्तो दाबी भुक्तानी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कोषले दाबी भुक्तानी दिंदा सदस्य संस्थाले नियम ३६ बमोजिम सुरक्षण गरिएको लघु वित्त तथा विपन्न वर्ग कर्जाको हकमा सावाँ र ब्याज

---

□ पहिलो संशोधनद्धारा झिकिएको।

δ चौथो संशोधनद्धारा थप।

¶ चौथो संशोधनद्धारा झिकिएको।

रकमको पचहत्तर प्रतिशत, नियम ३७ र ३८ बमोजिम सुरक्षण गरिएको साना तथा मझौला उद्यम र कृषि कर्जाको पचास लाख रुपैयाँसम्मको कर्जाको बाँकी सावाँ र ब्याज रकमको असी प्रतिशत र सो भन्दा माथि ♫तीन करोड रुपैयाँसम्मको कर्जाको हकमा बाँकी सावाँ र ब्याज रकमको सत्तरी प्रतिशतका दरले तथा नियम ३९ बमोजिम सुरक्षण गरिएको शैक्षिक कर्जा तथा शैक्षिक बेरोजगार व्यवसाय कर्जाको हकका बाँकी सावाँ र ब्याज रकमको असी प्रतिशतका दरले दाबी भुक्तानी दिनेछ ।

θ(२क) उपनियम (१) बमोजिम कोषले दाबीको भुक्तानी दिँदा सदस्य संस्थाले नियम ३९क. बमोजिम सुरक्षण गरेको निर्यात कर्जाको हकमा ω दश लाख रुपैयाँसम्मको कर्जाको बाँकी साँवा र ब्याज रकमको असी प्रतिशत र सोभन्दा माथि ωतीन करोड रुपैयाँसम्मको कर्जाको हकमा बाँकी साँवा र ब्याज रकमको सत्तरी प्रतिशतका दरले दाबीको भुक्तानी दिइनेछ ।

ω(३) उपनियम (२) र (२क) बमोजिम भुक्तानी दिँदा कोषले भुक्तानी दिनु पर्ने कुल रकमको सत्तरी प्रतिशत रकम पहिलो किस्तामा र बाँकी तीस प्रतिशत रकम सम्बन्धित सदस्य संस्थाले देहाय बमोजिमका विवरण तथा कागजात पेश गरेपछि दोस्रो किस्तामा भुक्तानी दिइनेछः-

(क) सदस्य संस्थाको कर्जा असुली सम्बन्धी नीति बमोजिम कर्जा असुली सम्बन्धी प्रक्रिया पूरा गरेको,

(ख) प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्तालाई कालोसूचीमा राख्ने सम्बन्धी प्रक्रिया पूरा भएको,

(ग) कर्जा असुल गर्न प्रचलित कानून बमोजिम सम्पूर्ण प्रक्रिया पूरा गरेको तर असुल उपर हुन नसकेको भनी बाह्य लेखापरीक्षकले प्रमाणित गरिदिएको व्यहोराको प्रमाणित प्रति,

(घ) समितिले निर्धारण गरेका अन्य विवरण तथा कागजात।

---

♫ तेस्रो संशोधनद्धारा संशोधित।

θ पहिलो संशोधनद्धारा थप।

ω चौथो संशोधनद्धारा संशोधित।

[δ](३क) उपनियम (३) बमोजिम पहिलो किस्ता दाबी भुक्तानी गरेको मितिले सदस्य संस्थाले दुई वर्षभित्र दोस्रो किस्ता दाबी गरिसक्नु पर्नेछ।

तर अदालत वा ऋण असुली न्यायाधिकरण समक्ष धितो लिलाम वा कर्जा असुली सम्बन्धी मुद्दा विचाराधीन भई सो समयभित्र दाबी हुन नसकेको अवस्थामा त्यस्तो मुद्दामा अन्तिम फैसला भई सो फैसला कार्यान्वयनका लागि सम्बन्धित अदालत वा ऋण असुली न्यायाधिकरण समक्ष निवेदन पेश गरेको मितिले नब्बे दिनभित्र दाबी गरिसक्नु पर्नेछ।

[δ](३ख) उपनियम (१) बमोजिम दाबी भुक्तानी गर्दा एक आर्थिक वर्षमा कुनै एक सदस्य संस्थालाई देहाय बमोजिमको सीमा तथा बन्देजभित्र रही दाबी भुक्तानी गरिनेछः-

(क) सम्झौता भएको आर्थिक वर्षमा सदस्य संस्थाले सम्बन्धित कर्जा सुरक्षण कार्यक्रममा दाबी गर्नुअघिको त्रयमाससम्म भुक्तानी गरेको कुल सुरक्षण दस्तुरको दुई गुणासम्म,

(ख) सम्झौता भएको दोस्रो र सोभन्दा पछाडिका आर्थिक वर्षको हकमा सदस्य संस्थाले सम्बन्धित कर्जा सुरक्षण कार्यक्रममा अघिल्लो आर्थिक वर्षसम्म कोषलाई फिर्ता गरेको दाबी भुक्तानी रकमको दुई गुणा र सम्झौता भएको वर्षदेखि दाबी गर्नुअघिको त्रयमाससम्म भुक्तानी गरेको कुल सुरक्षण शुल्क बराबर।

[δ](३ग) ऋणीको मृत्यु भई वा प्राकृतिक विपद् परी परियोजना नष्ट भई दाबी भएको अवस्थामा भने उपनियम (३ख) बमोजिमको सीमा तथा बन्देज लागू हुने छैन।

[δ](३घ) कुनै एक आर्थिक वर्षमा सदस्य संस्थाबाट कोषमा प्राप्त क्षतिपूर्ति दाबीमध्ये उपनियम (३ख) को सीमा तथा बन्देजको कारण भुक्तानी हुन नसकेको क्षतिपूर्ति दाबी सोही उपनियमको खण्ड (ख) को अधीनमा रही अर्को आर्थिक वर्षमा भुक्तानी गरिनेछ।

[δ](३ङ) सदस्य संस्थाले कोषबाट प्राप्त गरेको दाबी भुक्तानी बापतको रकमलाई कोषप्रतिको दायित्व सिर्जना हुने गरी छुट्टै खाता खडा गरी लेखाङ्कन गर्नु पर्नेछ।

---

[δ] चौथो संशोधनद्वारा थप।

तर कोषबाट अपलेखनको स्वीकृति प्राप्त भएको अवस्थामा बाहेक त्यस्तो रकमलाई ऋणीको खातामा समायोजन गर्न पाइने छैन।

(४) यस नियम बमोजिम कोषबाट दाबी भुक्तानी प्राप्त भएपछि सम्बन्धित सदस्य संस्थाले अनुसूची-१७ बमोजिमको भरपाई कोषमा पठाउनु पर्नेछ ।

४४. **<u>दाबी अस्वीकृत गर्न सक्नेः</u>** (१) देहायको अवस्थामा सदस्य संस्थाले पेश गरेको भुक्तानी दाबी कोषले अस्वीकृत गर्न सक्नेछः-

(क) सदस्य संस्थाले प्रचलित कानून विपरित कर्जा लगानी गरेको देखिएमा,

(ख) सदस्य संस्थाले गरेको अनुगमनबाट कर्जाको दुरुपयोग भएको भन्ने जानकारी प्राप्त भएकोमा त्यस्तो ऋणीलाई थप कर्जा प्रवाह गरेको देखिएमा,

(ग) भुक्तानी दाबीसँग सम्बन्धित कर्जाको नियमानुसार बुझाउनु पर्ने सुरक्षण शुल्क नबुझाएमा,

(घ) धितो लिलाम बिक्री गर्दा कर्जा असूल उपर हुन सक्ने अवस्थामा लिलाम बिक्री सम्बन्धी कारबाही नगरेको वा रद्द गरेको भएमा,

(ङ) भुक्तानी दाबीसाथ पेश गर्नु पर्ने सम्पूर्ण कागजात पेश नगरेको वा कोषले माग गरेको कागजात तीस दिनभित्र पेश नगरेमा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणीले कर्जा दुरुपयोग गरेको भनी सदस्य संस्थाले कर्जाको अन्तिम भुक्तानी मिति अगावै प्रमाण सहित कोषमा भुक्तानी दाबी गरेको अवस्थामा बाहेक कर्जाको अन्तिम भुक्तानी मितिसम्ममा सावाँ र ब्याज समेत गरी कम्तीमा पच्चीस प्रतिशत कर्जा चुक्ता नगरेको कर्जाको कोषले दाबी भुक्तानी गर्ने छैन ।

(३) उपनियम (१) बमोजिम कोषले दाबी अस्वीकृत गरेमा सोको जानकारी सात दिनभित्र सम्बन्धित सदस्य संस्थालाई दिनु पर्नेछ ।

४५. **कर्जा भुक्तानी म्याद अघि दाबी गर्न सक्ने:** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सदस्य संस्थाले कर्जाको भुक्तानी म्याद समाप्त हुनु अगावै त्यस्तो कर्जाको बाँकी सावाँ र व्याज कोषसँग दाबी गर्न सक्नेछः-

(क) प्राकृतिक प्रकोप परी परियोजना नष्ट भएमा,

तर त्यस्तो प्राकृतिक प्रकोप परेको तथ्य सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा स्थानीय तहबाट प्रमाणित भएको हुनु पर्नेछ ।

(ख) ऋणीको मृत्यु भएमा,

θ(ख१) निर्यात कर्जाको हकमा कच्चा पदार्थ आयात गर्दा वा तयारी वस्तु निर्यात गर्दा त्यस्तो वस्तु ढुवानी गर्ने सवारी साधन दुर्घटना भएमा,

♦(ग) धितो लिई लगानी गरेको कर्जाको हकमा ऋणीले म्याद नाघेको छ महिनासम्म कर्जाको किस्ता नतिरेको र त्यस्तो कर्जा दुरुपयोग भएको भनी सदस्य संस्थाले δप्रचलित कानून बमोजिम धितो लिलाम बिक्री, ऋणी तथा जमानतकर्तालाई कालोसूचीमा राख्ने लगायतका कर्जा असूलीको लागि आवश्यक प्रक्रिया पूरा गरेको भएमा, वा

(घ) ऋणीले कर्जाको दुरुपयोग गरेको कारणले सदस्य संस्थाले लिएको धितो लिलाम बिक्री गर्दा पनि असूल उपर हुन नसक्ने भएमा ।

४६. **पुनः दाबी गर्न सक्ने:** कोषबाट नियम ४४ को उपनियम (३) बमोजिम दाबी अस्वीकृत भएको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सदस्य संस्थाले त्यसरी आफ्नो दाबी अस्वीकृत हुनु नपर्ने मनासिब कारण सहित पुनः दाबी गर्न सक्नेछ । उक्त अवधि पश्चात् प्राप्त भुक्तानी दाबी उपर कोषले कुनै कारबाही चलाउने छैन ।

४७. **दाबी भुक्तानी फिर्ता गर्नु पर्ने:** (१) नियम ४३ बमोजिम कोषबाट दाबी भुक्तानी प्राप्त भएको कर्जा मध्ये आंशिक कर्जा असूल उपर भएमा असूल उपर भएको रकमको कोषले दाबी भुक्तानी दिंदा व्यहोरेको प्रतिशतले हुन आउने रकम र सम्पूर्ण कर्जा रकम असूल उपर

θ पहिलो संशोधनद्धारा थप।

♦ पहिलो संशोधनद्धारा संशोधित।

δ चौथो संशोधनद्धारा थप।

भएमा दाबी भुक्तानी वापत प्राप्त भएको सम्पूर्ण रकम कर्जा असूल उपर भएको मितिले पैंतीस दिनभित्र अनुसूची - १८ बमोजिमको विवरण सहित सम्बन्धित सदस्य संस्थाले कोषलाई फिर्ता गर्नु पर्नेछ।

[δ](१क) उपनियम (१) बमोजिमको अवधिभित्र असुल उपर भएको रकम फिर्ता नगर्ने सदस्य संस्थाले उक्त रकम कोषलाई फिर्ता नगरेसम्म त्यस्तो सदस्य संस्थाको दाबी कारबाही प्रक्रिया अगाडि बढाइने छैन।

(२) सम्बन्धित सदस्य संस्थाले आफूले पूरा गर्नु पर्ने जिम्मेवारी पूरा नगरेको कारणबाट कुनै कर्जा असूल उपर हुन नसक्ने भई कोषलाई हानी नोक्सानी भएको समितिले ठहर गरेमा त्यस्तो कर्जाको दाबी भुक्तानी बापत कोषले त्यस्तो संस्थालाई भुक्तानी गरेको रकम कोषले तोकेको अवधिभित्र सम्बन्धित सदस्य संस्थाले कोषमा फिर्ता गर्नु पर्नेछ ।

(३) कोषबाट दाबी भुक्तानी प्राप्त भएको कर्जाको धितोमा रहेको चल अचल सम्पत्ति सम्बन्धित सदस्य संस्थाले आफ्नो स्वामित्वमा लिएमा यसरी स्वामित्वमा लिएको मितिले पैंतीस दिनभित्र सो दाबी भुक्तानी वापत प्राप्त सम्पूर्ण रकम कोषलाई फिर्ता गर्नु पर्नेछ ।

४८. **अपलेखनः** [ω](१) सदस्य संस्थाले लगानी गरेको कर्जा असूली सम्बन्धमा देहायको प्रक्रिया पूरा गर्दा समेत कर्जा असुल उपर हुन नसकेमा सदस्य संस्थाले कोषको स्वीकृति लिई त्यस्तो कर्जा अपलेखन गर्न सक्नेछः-

(क) कर्जा अपलेखन सम्बन्धी नेपाल राष्ट्र बैङ्कको निर्देशन तथा सम्बन्धित सदस्य संस्थाको विनियम बमोजिमको प्रक्रिया पूरा गरेको,

(ख) कर्जा सूचना केन्द्रले ऋणी तथा ऋणसँग सम्बन्धित पक्षलाई कालोसूचीमा समावेश गरेको,

(ग) सदस्य संस्थाले ऋण असुलीका लागि अदालत वा ऋण असुली न्यायाधिकरण समक्ष मुद्दा दायर गरेकोमा अन्तिम फैसला भएको

---

[δ] चौथो संशोधनद्वारा थप।

[ω] चौथो संशोधनद्वारा संशोधित।

मितिले पाँच वर्ष पूरा हुँदा समेत फैसला कार्यान्वयन वा कर्जा असुली हुन नसकेको।

[δ](१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्य संस्थाले यस नियमावलीको अधीनमा रही अपलेखन गरेको कर्जाको असुली कारबाही रोक्न पाउने छैन।

(२) सदस्य संस्थाले नियम ४३ बमोजिम दाबी भुक्तानी प्राप्त गरेको कर्जाको उपनियम (१) बमोजिम अपलेखनको स्वीकृतिको लागि अनुसूची -१९ बमोजिमको विवरण कोषमा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम अपलेखन गरिएको रकम दाबी भुक्तानी भएको रकमभन्दा बढी हुने छैन ।

(४) कोषले आवश्यक ठानेमा अपलेखन गर्न स्वीकृतिको लागि पेश भएको कर्जाको स्थलगत रुपमा धितो मूल्याङ्कन गरी अपलेखन गर्न सक्ने रकम निर्धारण गर्न सक्नेछ ।

[ω](५) अपलेखनको स्वीकृति प्राप्त भएपछि दाबी भुक्तानी भएको कर्जा आंशिक वा पूर्ण रुपले असुल उपर भएमा वा सम्बन्धित ऋणीको बीमा बापतको रकमबाट असुल उपर हुन गएमा त्यसरी असुल उपर भएको रकममध्ये कोषले दाबी भुक्तानी दिएको प्रतिशतले हुन आउने रकम पैंतीस दिनभित्र कोषलाई फिर्ता गर्नु पर्नेछ।

४९. **अभिलेख राख्नु पर्नेः** (१) कोषले आफूले नियम ४३ बमोजिम सदस्य संस्थालाई दाबी भुक्तानी दिएको विवरण अनुसूची -२० को ढाँचामा तयार गरी राख्नु पर्नेछ ।

(२) सदस्य संस्थाले यस नियमावली बमोजिम सुरक्षण गरिएको कर्जाको ऋणीगत विवरण, कर्जा रकम, कर्जा प्रदान गरेको मिति, कर्जाको प्रयोजन र भुक्तानी गर्नु पर्ने मिति समेत खुलाई अभिलेख तयार गरी राख्नु पर्नेछ । [δ]त्यस्तो अभिलेखमा कोषको पहुँच स्थापित गर्न आवश्यक प्रणालीगत प्रबन्ध गर्नु पर्नेछ।

---

[δ] चौथो संशोधनद्वारा थप।

[ω] चौथो संशोधनद्वारा संशोधित।

δ(३) सदस्य संस्थाले वातावरण संरक्षण, जलवायु परिवर्तन, वैकल्पिक उर्जा प्रवर्द्धन, महिला उद्यमशीलता, हरित प्रविधिको विकास, नवप्रवर्तन जस्ता दिगो विकाससँग सम्बन्धित क्षेत्र तथा प्रयोजनका लागि कर्जा लगानी गरेको भए उपनियम (२) बमोजिमको अभिलेखमा कर्जाको प्रयोजन खुलाउँदा त्यस्तो दिगो विकासको क्षेत्र वा प्रयोजन स्पष्ट उल्लेख गरी अभिलेख राख्नु पर्नेछ।

## परिच्छेद - ५

## विविध

५०. **विद्युतीय रजिष्टर राख्नु पर्नेः** (१) कोषले यस नियमावली बमोजिम कर्जा सुरक्षण गराउने ऋणी तथा सदस्य संस्थाको विवरण विद्युतीय प्रणालीमा रजिष्टर खडा गरी सुरक्षित रुपमा राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तयार गरिएको विद्युतीय रजिष्टर सदस्य संस्था र कोषको सम्बन्धित विभागीय प्रमुखबाट प्रमाणित गराई आफ्नो र कोषको प्रत्यक्ष संयुक्त नियन्त्रण र रेखदेखमा सुरक्षित रुपमा राख्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको विद्युतीय रजिष्टरमा विवरण राख्दा कसैले हेरफेर गर्न नमिल्ने गरी सुरक्षित रहने व्यवस्था मिलाउनु पर्नेछ ।

δ५०क. **कोषले अनुगमन गर्न सक्नेः** (१) सदस्य संस्थाले पेश गरेको कर्जा सुरक्षण सम्बन्धी विवरणको सम्बन्धमा कोषले ऐनको दफा ४५ को अधीनमा रही आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

(२) उपनियम (१) को प्रयोजनका लागि कोषले त्यस्तो सदस्य संस्थाको वित्तीय विवरण, वार्षिक सुरक्षण शुल्क गणनाको आधार, कर्जा तथा धितो सुरक्षणको विवरणका सम्बन्धमा अनुगमन गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम स्थलगत अनुगमन गर्दा कोषले सदस्य संस्थासँग आवश्यक विवरण, कागजात वा जानकारी माग गर्न सक्नेछ।

---

δ चौथो संशोधनद्वारा थप।



नेपाल कानून आयोग

(४) उपनियम (३) बमोजिम कोषले माग गरेको विवरण, कागजात वा जानकारी उपलब्ध गराउनु सम्बन्धित सदस्य संस्थाको कर्तव्य हुनेछ।

[δ]५०ख. **वित्तीय विवरण तयार गर्नु पर्ने:** कोषले यस नियमावली बमोजिम सुरक्षण गर्ने कर्जा सुरक्षण कार्यक्रमको छुट्टै वित्तीय विवरण तयार गर्नु पर्नेछ।

[δ]५०ग .**छुट तथा सहुलियतः** पशुधन सुरक्षण वा कर्जा सुरक्षण कार्यक्रमको विस्तार, व्यवसाय प्रवर्द्धन र क्षतिपूर्ति असुलीमा सघाउ पुऱ्याउने सदस्य संस्था तथा पशुधन सुरक्षण कार्यक्रमको हकमा सम्बन्धित ऋणीलाई समितिले सुरक्षण शुल्कमा छुट तथा सहुलियत उपलब्ध गराउन सक्नेछ।

५१. **वित्तीय विवरण उपलव्ध गराउनु पर्ने:** सदस्य संस्थाले प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैङ्क समक्ष बुझाउने त्रैमासिक वित्तीय विवरण, लेखापरीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदन नियमित रुपमा कोषलाई समेत उपलव्ध गराउनु पर्नेछ ।

५२. **विवरण गोप्य राखु पर्ने**ः प्रचलित कानून बमोजिम अनुसन्धानको प्रयोजनको लागि र अदालतले मागेका बखत बाहेक यस नियमावली बमोजिम सदस्य संस्थाले कोषमा पेश गरेको सम्पूर्ण विवरण कोषले गोप्य राखु पर्नेछ ।

[δ]५२क. **कर्जा सुरक्षणका साविककै शुल्क र सीमा लागू हुने:** यस नियमावली बमोजिम कोषले निर्धारण गर्नु पर्ने कर्जा सुरक्षण शुल्क तथा नियम ३६ को उपनियम (१) बमोजिमको कर्जा सुरक्षण सीमा निर्धारण नभएसम्मको लागि यो नियमावली प्रारम्भ हुँदाका बखत कायम रहेको कर्जा सुरक्षण शुल्कको दर तथा कर्जा सुरक्षण सीमा नै लागू हुनेछ।

५३. **अनुसूची हेरफेर गर्न सक्ने:** मन्त्रालयले [δ]नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

५४. **बचाउः** यो नियमावली प्रारम्भ हुँदाका बखत कायम रहेका देहायका विनियमावली बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछः-

---

[δ] चौथो संशोधनद्वारा थप।

(क) निक्षेप तथा कर्जा सुरक्षण कोष पशुधन सुरक्षण विनियमावली, २०७३,

(ख) कृषि कर्जा सुरक्षण विनियमावली, २०७३,

(ग) साना तथा मझौला उद्यम कर्जा सुरक्षण विनियमावली, २०७३, र

(घ) लघु वित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण विनियमावली, २०७३ ।

नेपाल कानून आयोग

अनुसूची -१

(नियम ३ सँग सम्बन्धित)

**सम्झौता पत्र**

लिखितम निक्षेप तथा कर्जा सुरक्षण कोष, काठमाडौं (यसपछि “कोष” भनिएको) र ........................... (यसपछि “सदस्य संस्था” भनिएको) आगे देहायको शर्त तथा कर्जा सुरक्षण नियमावली, २०७५ (यसपछि ”नियमावली” भनिएको) को अधीनमा रही सदस्य संस्थाले प्रदान गरेको कर्जाबाट खरिद भएको पशुधनको तपसिलको शर्तमा सुरक्षण गर्न/गराउन हामी दुवै पक्षको सहमति भएकोले .................. मा बसी यो सम्झौता गरी एक एक प्रति लियौं/दियौं ।

**तपसिल**

(१) सम्झौता पत्रमा गरिएको व्यवस्था दुवै पक्षलाई मान्य हुनेछ ।

(२) सदस्य संस्थाले आफूले प्रदान गरेको कर्जाबाट खरिद गरेको पशुधनको अनिवार्य रुपमा कोषमा सुरक्षण गराउनेछ।

(३) सदस्य संस्थाले नियमावलीमा व्यवस्था भए बमोजिमको सुरक्षण शुल्क तथा सुरक्षित कर्जा सम्बन्धी विवरणहरु कोषमा नियमित रुपमा पठाउनेछ ।

(४) सुरक्षित पशुधनको मृत्यु भएमा वा त्यस्तो पशुधन अनुत्पादक भएमा नियमावलीमा व्यवस्था भएको हदसम्म कोषले क्षतिपूर्ति व्यहोर्नेछ ।

(५) सदस्य संस्थामा सुरक्षित रहेको पशुधन र तत्सम्बन्धी कागजातहरु कोष वा कोषबाट अधिकार प्राप्त अधिकारी वा संस्थाले निरीक्षण गर्न वा गराउन सक्नेछ ।

(६) नेपाल सरकारले नियमावलीमा संशोधन गरेको कारणबाट कुनै दायित्व सिर्जना भएमा आफ्नो पक्षमा परेको त्यस्तो दायित्व बहन गर्न दुवै पक्षलाई मञ्जुरी छ ।

(७) दुवै पक्षको सहमतिबाट यो सम्झौतालाई खारेज वा थपघट तथा संशोधन गर्न सकिनेछ ।

(८) यो सम्झौता पत्र दुवै पक्षले दस्तखत गरेको मितिदेखि लागू हुनेछ ।

(९) यस सम्झौता पत्रको कार्यान्वयन गर्दा कुनै किसिमको विवाद उत्पन्न भएमा आपसी छलफलद्धारा समाधान गरिनेछ। त्यसरी विवादको समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम विवादको समाधान गरिनेछ ।

| <u>कोषको तर्फबाट</u> | <u>सदस्य संस्थाको तर्फबाट</u> |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |

ष
को
का
र्या
लय
को छाप

सदस्य संस्थाको कार्यालयको छाप

| <u>साक्षी</u> | <u>साक्षी</u> |
|---|---|
| दस्तखत : | दस्तखतः |
| नाम : | नाम : |
| ठेगानाः | ठेगानाः |

ईति संवत् २०....... साल...............महिना..............गते रोज.........शुभम् ।

नेपाल कानून आयोग

अनुसूची -२

(नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

**<u>पशुधनको स्वास्थ्य परीक्षण प्रमाणपत्र</u>**

मिति :......................

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष

मार्फत................(सदस्य संस्थाको नाम)

............................ ।

............................. (डर कृषक/पशुपालक कृषक) मा बस्ने............................ (ब्रिडर कृषक/पशुपालक कृषक/व्यवसायीको नाम) को तल उल्लिखित पशुधनको आज मिति.........................का दिन स्वास्थ्य परीक्षण गर्दाको अवस्थामा पशुधन तन्दुरुस्त र निरोगी रहेको/नरहेको र सरुवा, संक्रामक, परजिवी वा अन्य ..................... रोगबाट ग्रसित भए/नभएको देखिएको व्यहोरा प्रमाणित गरिएको छ ।

(क) पशुधनको किसिमः

(ख) नश्लः

(ग) वेतः

(घ) उचाईः

(ङ) उमेरः

(च) रङः

(छ) खास परिचयात्मक चिन्हः

(ज) प्रयोजनः

(झ) खरिद गरेको मितिः

नेपाल कानून आयोग

स्वास्थ्य परीक्षण गरिएको उक्त पशुधन तन्दुरुस्त र निरोगी भएको/अस्वस्थ्य र रोगी भएकोले कोषबाट उपलब्ध नं. ..................... को सङ्केत पट्टा (ट्याग) लगाईएको छ/छैन ।

| स्वास्थ्य परीक्षण गर्ने प्राविधिकको, | सदस्य संस्थाको प्रतिनिधिको | सामूहिक जमानी अन्तर्गत खरिद भई सुरक्षण भएका पशुधनको हकमा समूहको अध्यक्षको |
|---|---|---|
| दस्तखतः | दस्तखत : | दस्तखतः |
| नामः | नामः | नामः |
| पद : | पद : | पद : |
| कार्यालयको छाप | कार्यालयको छाप | |

स्वास्थ्य परीक्षण गरेको मितिः

स्थानः

अनुसूची -३

(नियम ७ को खण्ड (क) सँग सम्बन्धित)

## पशुधन सुरक्षण गर्ने सहमतिपत्र

मितिः.....................

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष

मार्फत ....................(सदस्य संस्थाको नाम)

..........................।

मैले............................(सदस्य संस्थाको नाम/कार्यालय) बाट ...................उद्देश्यको लागि रु.................... कर्जा लिई ...........वटा ............. ........... (पशुधनको किसिम) पशुधन खरिद गर्ने भएको हुँदा ती पशुधनको कर्जा सुरक्षण नियमावली बमोजिम सुरक्षण गराउन मेरो सहमति रहेकोले देहाय बमोजिम गर्ने गरी यो सहमतिपत्र पेश गरेको छुः-

१. पशुधन खरिद गर्न कर्जा लिएको मितिले पैंतीस दिनभित्र पशुधन खरिद गर्नेछु ।

२. सुरक्षण गराउने पशुधनको वार्षिक सुरक्षण शुल्क म आफैंले बुझाउने छु/मेरो कर्जा खातामा खर्च लेखी सदस्य संस्थाबाट कोषलाई बुझाई दिनु हुन सदस्य संस्थालाई अनुरोध गरेको छु ।

३. मैले खरिद गरेको पशुधनको स्वास्थ्य परीक्षण गराउने छु ।

४. पशुधन तन्दुरुस्त र निरोगी भएमा सङ्केत पट्टा लगाउन लगाउनेछु ।

५. मैले खरिद गर्ने ......... वटा ........... (पशुधन) .............. (ठाउँको नाउँ) बाट खरिद गर्ने र सो स्थान मेरो घरबाट करीब ....... कि.मी. दूरीमा रहेको र खरिद गरी ल्याउने ती पशुधन .............. गोठ/तबेला (ठाउँमा) मा राखिनुका साथै ................. (स्थान) मा चराइने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

६. यातायात र ढुवानी व्यवसायको लागि मैले खरिद गर्ने ........... (पशुधन) .......... देखि ........ सम्म करीब ........ कि.मी.दूरीको........ मार्गमा सञ्चालन गर्ने व्यहोरा अनुरोध गर्दछु ।

निवेदकको,-

दस्तखतः

नामः

ठेगानाः

फोन नं.:

पति वा पत्नीको नामः

बाबुको नामः

बाजेको नामः

ईच्छाइएको व्यक्तिको नामः

नाताः

(दस्तखत गर्न नसक्नेको लागि ल्याप्चे)

दा. वा.

नेपाल कानून आयोग

θ अनुसूची - ३क.

(नियम ७ को खण्ड (घ१) सँग सम्बन्धित)

**पशुधनको विवरण**

सदस्य संस्थाको नामः मितिः........

शाखा कार्यालयः अवधिः मिति..........................देखि ..........................सम्म

**विवरण**

| सि.नं. | कर्जा | सुरक्षणकर्ताको | | | पशुधनको | | | | | | कर्जा प्रदान गरेको | | कर्जाको अन्तिम भुक्तानी मिति | सुरक्षण शुल्कको प्रतिशत | स्वास्थ्य परीक्षण र सङ्केत पट्टा लगाउँदाको खर्च | सुरक्षण शुल्क बापत प्राप्त रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम र ठेगाना | पिता वा पतिको नाम | इच्छाएको व्यक्तिको नाम र नाता | पशुको किसम र नश्ल | वेत र उमेर | उचाइ | प्रयोजन र मिति | स्वास्थ्य परीक्षण गरेको र सङ्केत पट्टा लगाएको मिति | सङ्केत पट्टा नं | मिति | सुरक्षण रकम | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ |
| | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | |

सदस्य संस्थाको तर्फबाट,-

दस्तखतः

नामः

पदः

कार्यालयको छाप मितिः..............

नोटः सुरक्षण शुल्क आफैले बुझाएको हो वा कर्जा खातामा खर्च लेखी पठाएको हो सो कुरा कैफियतमा खुलाउनु पर्नेछ ।

θ पहिलो संशोधनद्धारा थप।

अनुसूची - ४

(नियम ८ को उपनियम (३) सँग सम्बन्धित)

**पशुधनको सुरक्षण लेखको ढाँचा**

सुरक्षण लेख नं.............

............ (सदस्य संस्थाको नाम) बाट मिति ............ मा कर्जा लिई खरिद गरेको निम्न विवरण बमोजिमको.................. (पशुधनको किसिम) कर्जा सुरक्षण नियमावली बमोजिम सुरक्षणको लागि ब्रिडर कृषक/पशुपालक कृषकले सुरक्षण गर्ने सहमतिपत्र, पशु सेवा कार्यालयको प्राविधिकबाट जारी गरिएको पशुधन स्वास्थ्य परीक्षण प्रमाणपत्र, सङ्केत पट्टा (ट्याग) लगाएको प्रमाणहरु पेश गरेको र तोकिए बमोजिमको सुरक्षण शुल्क भुक्तानी गरेको हुनाले यसमा उल्लिखित सुविधा तथा शर्त, बन्देज र सुरक्षण अवधिभित्रको अधीनमा रही उल्लिखित जोखिम सकार्ने गरी निक्षेप तथा कर्जा सुरक्षण कोषले यो सुरक्षण लेख जारी गरेको छ ।

उल्लिखित सुरक्षण लेख अवधिभित्र पशुधनको मृत्यु भएमा नियमावलीमा उल्लेख भए बमोजिम सुरक्षण रकमको नब्बे प्रतिशत, पशुधन स्थायीरुपले अनुत्पादक भएमा सुरक्षण रकमको पचास प्रतिशतले हुने रकम क्षतिपूर्ति दिने प्रतिबद्धता यस सुरक्षण लेखद्धारा पुष्टि गरिन्छ ।

विवरण

| सुरक्षणकर्ताको विवरण | सुरक्षण लेख जारी गर्ने अधिकार प्राप्त अधिकारीको |
|---|---|
| नामः<br>बाबुको नामः<br>पति वा पत्नीको नामः<br>बाजेको नामः<br>ईच्छाइएको व्यक्तिको नामः<br>नाताः | नामः<br><br>जारी गरेको स्थानः |

| | |
|---|---|
| फोन नं. :<br>ठेगानाः | |
| <u>सुरक्षित पशुधनको विवरण</u><br>(क) पशुधनको किसिमः<br>(ख) नश्लः<br>(ग) बेतः<br>(घ) उचाईः<br>(ङ) उमेरः<br>(च) रङ्गः<br>(छ) खास परिचयात्मक चिन्हः<br>(ज) पशुधनको प्रयोजनः<br>(झ) खरिद गरेको मितिः<br>(ञ) पशुधन रहने गोठः<br>(ट) चरण गर्ने स्थानः<br>(ठ) स्वास्थ्य परीक्षण भएको मितिः<br>(ड) पशुधनको सङ्केत पट्टा नं.:<br>(ढ) कर्जा नम्बरः<br>(ण) पशुधन खरिद गर्न प्रदान गरेको सावाँ रकमः<br>(त) कर्जाको अन्तिम भुक्तानी मितिः<br>(थ) अन्यः | सुरक्षण रकम रु.:<br>अक्षरेपी रु.:<br>सुरक्षण अवधिः<br>............देखि............. सम्म ..................... वर्ष<br>(स्वास्थ्य परीक्षण र सङ्केत पट्टा लगाएको मितिदेखि सुरक्षण शुल्क बझाएको वर्ष सम्मको अवधि उल्लेख गर्ने)<br>सुरक्षण शुल्कः<br>(क) वार्षिक/एकमुष्ठ रु.:<br>(ख) ड्राफ्ट/चेक नम्बरः |

नेपाल कानून आयोग

<u>सुरक्षण लेख तयार गर्नेको,-</u>

दस्तखतः

नामः

पदः

संस्थाः

कार्यालयको छापः

<u>सुरक्षण लेख जारी गर्ने अधिकारीको,-</u>

दस्तखतः

नामः

पदः

संस्थाः

कार्यालयको छापः

इति संवत् .............साल............ महिना...................... गते..........रोज..... शुभम् ।

नेपाल कानून आयोग

## [६]अनुसूची-४क.

(नियम ९ सँग सम्बन्धित)

**पशुधनको सुरक्षण हुने रकमको सीमा**

(क) दुग्ध उत्पादनको लागि उन्नत नश्ल प्रति गाई वा भैंसीको एक लाख पचास हजार रुपैयाँसम्म,

(ख) दुग्ध उत्पादनको लागि उन्नत नश्लको प्रति बाच्छी (कोरेली) वा प्रति पाडीको पचास हजार रुपैयाँसम्म,

(ग) दुग्ध उत्पादनको लागि स्थानीय नश्लको प्रति भैंसीको असी हजार रुपैयाँसम्म र प्रति पाडीको चालीस हजार रुपैयाँसम्म,

(घ) दुग्ध उत्पादनको लागि स्थानीय नश्लको प्रति गाईको पचास हजार रुपैयाँसम्म र प्रति बाच्छीको दश हजार रुपैयाँसम्म,

(ङ) प्रजननको लागि उन्नत नश्लको प्रति साँढे, याक वा राँगोको एक लाख पचास हजार रुपैयाँसम्म,

(च) प्रजननको लागि प्रति भेडा, बाख्रा, च्याङ्ग्रा, बङ्गुर वा बोकाको तीस हजार रुपैयाँसम्म,

(छ) मासु उत्पादनको लागि प्रति भेडा, बाख्रा, च्याङ्ग्रा वा बोकाको बीस हजार रुपैयाँसम्म,

(ज) मासु उत्पादनको लागि दुई वर्ष उमेर ननाघेका प्रति बङ्गुर तीस हजार रुपैयाँसम्म,

(झ) टाँगा व्यवसायको लागि प्रति घोडा वा घोडीको एक लाख रुपैयाँसम्म,

(ञ) ढुवानीको लागि प्रति खच्चड, घोडा, घोडी वा झोपाको एक लाख रुपैयाँसम्म,

(ट) ढुवानीको लागि प्रति गधाको सत्तरी हजार रुपैयाँसम्म,

(ठ) ढुवानी वा जोत्नको लागि प्रति गोरु वा राँगाको पचास हजार रुपैयाँसम्म।

[६] चौथो संशोधनद्धारा थप।

## ♦अनुसूची - ५

(नियम २३ को खण्ड (ग) सँग सम्बन्धित)

## पशुधनको सुरक्षण विवरण

सदस्य संस्थाको नामः मितिः........

शाखा कार्यालयः अवधिः मिति......................................देखि ...............................सम्म

विवरण

| सि.नं. | कर्जा | सुरक्षणकर्ताको | | | पशुधनको | | | | | | कर्जा प्रदान गरेको | | सुरक्षण लेख नं र जारी मिति | सुरक्षण शुल्क | सुरक्षण शुल्क बुझाएको अवधि (......देखि..... सम्म) | कर्जाको अन्तिम भुक्तानी मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम र ठेगाना | पिता वा पतिको नाम | इच्छाएको व्यक्तिको नाम र नाता | पशुको किसिम र नश्ल | वेत र उमेर | उचाइ | प्रयोजन र मिति | स्वास्थ्य परीक्षण गरेको र सङ्केत पट्टा लगाएको मिति | सङ्केत पट्टा नं. | मिति | सुरक्षण रकम | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | |

सदस्य संस्थाको तर्फबाट,-

दस्तखतः

नामः

पदः

कार्यालयको छाप मितिः...............

नोटः सुरक्षण शुल्क आफैले बुझाएको हो वा कर्जा खातामा खर्च लेखी पठाएको हो सो कुरा कैफियतमा खुलाउनु पर्नेछ ।

---

♦ पहिलो संशोधनद्धारा संशोधित।

नेपाल कानून आयोग

अनुसूची - ६

(नियम २५ को उपनियम (१) सँग सम्बन्धित)

**पशुधनको मृत्यु प्रमाणपत्र**

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष मिति .................

मार्फत .......................... (सदस्य संस्थाको नाम)

.......................... ।

.......................... (सुरक्षणकर्ताको स्थायी ठेगाना) मा बसोवास गरी आएका.............................. (सुरक्षणकर्ताको नाम) ले ............................ (सदस्य संस्थाको नाम) वाट कर्जा लिई खरिद गरेको सङ्केत पट्टा नं ....... लगाएका ................ (पशुधन) को मिति ................ मा .................. घर/गोठ/तवेला/चरण/दैनिक चल्ने मार्ग .................... मा मृत्यु भएको व्यहोरा प्रमाणित गर्दछौं । हामीले जानेबुझेसम्म सुरक्षित ........................ (पशुधन) सुरक्षणकर्ताको जानाजानी लापरबाहीबाट मरेको होइन ।

| | |
|---|---|
| मृत्युको कारण/रोगको नाम/अन्य कुनै कारण<br><br><u>प्रमाणित गर्नेको,-</u><br>दस्तखत :<br>नाम :<br>पद : | दस्तखत :<br>नाम :<br>पद :<br>कार्यालयको छाप :<br>...................................<br>सदस्य संस्थाको तर्फवाट<br>दस्तखत :<br>नाम :<br>पद : |

| | |
|---|---|
| कार्यालयको छापः<br>(पशु सेवा कार्यालय/केन्द्र /उपकेन्द्र वा कोषबाट मान्यता प्राप्त प्राविधिक) | कार्यालयको छाप :<br>..........................................<br>पशु सेवा कार्यालय/केन्द्र/उपकेन्द्र/वा कोषबाट मान्यता प्राप्त प्राविधिकको तर्फबाट<br>नाम :<br>पद :<br>कार्यालयको छाप :<br>..........................................<br>समूहको अध्यक्ष |

(समूहमा लगानी भएको कर्जाबाट खरिद भएको मात्र दस्तखत गर्ने)

नेपाल कानून आयोग

अनुसूची - ७

(नियम २६ सँग सम्बन्धित)

**<u>पशुधन अनुत्पादक भएको प्रमाणपत्र</u>**

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष मिति:......................

मार्फत....................(सदस्य संस्थाको नाम)

..........................................।

............................(सुरक्षणकर्ताको ठेगाना) मा बसोवास गरी आएका श्री............................ (सुरक्षणकर्ताको नाम) ले ....................... (सदस्य संस्थाको नाम) ................................ बाट कर्जा लिई खरिद गरेको सङ्केत पट्टा नं................... लगाईएको ....................... (पशुधन) सुरक्षणकर्ताले अनुत्पादक भएको भनी मिति ................... मा यस कार्यालयमा निवेदन दिएको र सो पशुधनलाई कर्जा सुरक्षण नियमावली बमोजिम निगरानीमा राख्दा सो पशुधन मिति ..........................देखि देहायको कारणले स्थायी रुपमा अनुत्पादक भएको प्रमाणित गरिन्छ । हामीले जानेबुझे सम्म सुरक्षणकर्ताको लापरबाहीको कारणबाट सो पशुधन अनुत्पादक भएको होइन भन्ने व्यहोरा प्रमाणित गर्दछौं ।

<u>अनुत्पादक भएको कारण/व्यहोरा</u>

..............................

प्रमाणित गर्ने प्राविधिकको दस्तखत

<u>प्राविधिकको,</u>

दस्तखत:

नाम:

पद:

(कार्यालयको छाप)

(पशु सेवा कार्यालय/केन्द्र/उपकेन्द्रका सम्बन्धित प्राविधिक वा कोषबाट मान्यता प्राप्त प्राविधिकको तर्फबाट)

नेपाल कानून आयोग

अनुसूची - ८

(नियम २७ को उपनियम (१) सँग सम्बन्धित)

**मृत पशुधनको क्षतिपूर्ति दाबी पत्रको ढाँचा**

| सदस्य संस्थाको प्रयोजनको लागि |
| --- |
| सदस्य संस्थामा दाबी पत्र दर्ता भएको |
| मिति दर्ता नं.: |

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष मिति : ....................

मार्फत ......................... (सदस्य संस्थाको नाम)

.......................................।

विषय : मृत पशुधनको क्षतिपूर्ति पाउँ ।

मैले .................................. (सदस्य संस्थाको नाम) बाट मिति ......... मा रु......................... अक्षरेपी .......................... कर्जा लिई मिति .......... मा खरिद गरेको सङ्केत पट्टा नं .......... लगाएको .......... (पशुधनको नाम) को मिति ..................... मा मृत्यु भएकोले कर्जा सुरक्षण नियमावली बमोजिम जारी गरिएको सुरक्षण लेख नं. ....... अन्तर्गत मैले पाउने क्षतिपूर्ति भुक्तानी पाउन अनुरोध गर्दछु । साथै क्षतिपूर्ति दाबी साथ संलग्न गर्नु पर्ने सक्कल पशुधन सुरक्षण लेख नं. ............... पशुधनलाई लगाएको नं.............. को सङ्केत पट्टा, मृत्युको प्रमाणपत्र यसै दाबी पत्रका साथ पेश गरेको छु । यो ......................... (पशुधनको नाम) मेरो जानाजान लापरबाहीको कारणले मरेको होइन भन्ने व्यहोरा अनुरोध गर्दछु ।

संलग्न कागजात तथा प्रमाणः

(१) मृत्यु प्रमाणपत्र

(२) पशुधनको कानमा लगाएको सङ्केत पट्टा

(३) सुरक्षण लेखको सक्कल प्रति ।

सुरक्षणकर्ताको,-

दस्तखतः

नामः

ठेगानाः

(लेख्न नजान्नेको हकमा ल्याप्चे सहिछाप)

दा. वा.

अनुसूची - ९

(नियम ३१ सँग सम्बन्धित)

## अनुत्पादक पशुधन क्षतिपूर्ति दाबी पत्रको ढाँचा

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष मितिः...................

मार्फत.......................... (सदस्य संस्थाको नाम)

.............................. ।

विषय : अनुत्पादक पशुधनको क्षतिपूर्ति पाउँ ।

म, ....................... (सुरक्षणकर्ताको स्थायी ठेगाना) निवासी ............................................ले ..................................................................(सदस्य संस्थाको नाम र ठेगाना) बाट मिति ........................ मा .................... (पशुधनको नाम) खरिद गर्न कर्जा लिएकोमा सो कर्जाको भुक्तानी मिति .................... अगावै मिति .................... का दिनदेखि उक्त पशुधन स्थायी रुपमा अनुत्पादक भएको प्रमाणित भएकोले कोषबाट मिति ............ मा जारी गरेको सुरक्षण लेख नं............अनुसारको सुरक्षण रकम रु.....................उक्त अनुत्पादक पशुधनको क्षतिपूर्ति बापत भुक्तानी पाउन देहायका प्रमाण कागज सहित अनुरोध गर्दछु । यो पशुधन मेरो जानाजान लापरबाहीको कारणले अनुत्पादक भएको होइन भन्ने व्यहोरा समेत अनुरोध गर्दछु ।

संलग्न कागजात तथा प्रमाणः

(१) अनुत्पादक प्रमाणपत्र

(२) पशुधन सुरक्षण लेख

(३) पशुधनको कानमा लगाएको सङ्केत पट्टा ।

सुरक्षणकर्ताको,-

दस्तखतः

नामः

ठेगानाः

(लेख्न नजान्नेको हकमा ल्याप्चे सहिछाप)

दा. वा.

अनुसूची -१०
(नियम ३४ को उपनियम (१) सँग सम्बन्धित)

**सम्झौता पत्र**

लिखितम निक्षेप तथा कर्जा सुरक्षण कोष, काठमाडौं (यसपछि "कोष" भनिएको) र ...........(बैंक तथा वित्तीय संस्था)............, (यसपछि "सदस्य संस्था" भनिएको) बीच कर्जा सुरक्षण नियमावली, २०७५ (यसपछि नियमावली भनिएको) तथा देहायको शर्तको अधीनमा रही लघु तथा विपन्न वर्ग कर्जा/साना तथा मझौला उद्यम कर्जा/कृषि कर्जा कार्यक्रममा प्रदान गरेको कर्जा सुरक्षण गर्न गराउन हामी दुवै पक्षको सहमति भएकोले कोषको कार्यालय, काठमाडौंमा बसी यो सम्झौता गरी एक एक प्रति लियौं दियौं ।

(१) सदस्य संस्थाले................. कर्जा कार्यक्रम क्षेत्रमा कर्जा प्रदान गरी कोषमा सुरक्षण गराएकोमा नियम.... बमोजिमको सीमासम्म मात्र दाबी गर्न पाउनेछ र त्यस्तो दाबी सम्बन्धमा नियमावली बमोजिम कोषले माग गरेका कागजात तथा अन्य विवरणहरु कोषलाई दिनु पर्नेछ ।

(२) सदस्य संस्थाले .............................कर्जा कार्यक्रम अन्तर्गत प्रदान भएका सम्पूर्ण कर्जाको सुरक्षण शुल्क अनिवार्य रुपमा कोषलाई बुझाउनु पर्नेछ ।

(३) कोषले तोकेको व्यवसायमा प्रदान गरेको कर्जा बाहेक अन्य व्यवसायमा प्रदान गरिएको कर्जाको सुरक्षण गरिने छैन ।

(४) ....................... कर्जा कार्यक्रम सम्बन्धी खाता र सोसँग सम्बन्धित कागजातहरु कोषको कर्मचारी वा कोषले तोकेको कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न सक्नेछ ।

(५) प्रचलित कानून बमोजिमको रित नपुर्‍याई सदस्य संस्थाबाट प्रदान गरिएको कर्जा असूल उपर नभएमा कोष उपर कुनै दाबी लाग्ने छैन ।

(६) कोषसँग असूल उपर नभएका कर्जाको दाबी गर्दा वा सो सम्बन्धमा पत्राचार गर्दा वा विवरण वा अन्य कागजात दाखिला गर्दा त्यस्ता दाबी, पत्राचार, विवरण तथा कागजातमा सदस्य संस्थाको तर्फबाट अख्तियार प्राप्त व्यक्तिले दस्तखत गर्नु पर्नेछ ।

(७) नियमावलीमा कुनै संशोधन भए सोको जानकारी कोषले सदस्य संस्थालाई गराउनु पर्नेछ।

(८) यो सम्झौता मिति ...................... देखि लागू हुनेछ ।

| | |
|---|---|
| कोषको तर्फबाट | सदस्य संस्थाको तर्फबाट |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| दर्जाः | दर्जाः |
| (कार्यालयको छाप) | (कार्यालयको छाप) |

| | |
|---|---|
| साक्षी | साक्षी |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |

इति संवत् २०........ साल ........... गते ............... रोज् ............... शुभम् ।

नेपाल कानून आयोग

अनुसूची -११

♦(नियम ३६ को उपनियम (१), नियम ३८ को उपनियम (१) र नियम ३९क. को उपनियम (१) सँग सम्बन्धित)

**(क) लघु तथा विपन्न वर्ग अन्तर्गतका व्यवसायः**

(१) कृषि व्यवसायः

| | |
|---|---|
| १. खाद्यान्न, नगदे बाली, तरकारी, फलफुल तथा जडिवुटी | धान, गहुँ, मकै, कोदो, जौ, तोरी, सर्स्यू, केराउ, चना, भटमास आदि ।<br>चिया, अलैंची, सूठो, सुपारी, नरिवल, कपास, अल्लो, अम्रिसो, बाबियो, उखु, रबर, अदुवा, बेसार, सूर्यमुखी, मरीच जस्ता मसला आदि ।<br>लसुन, प्याज, आलु, काउली, बन्दा, परवल, कुरिलो, भण्टा, चम्सुर, पालुंगो, रायो, ब्रोकाउली, गोलभेंडा, च्याउ, बोडी, सिमी, फर्सी, गाजर, मुला, खोर्सानी, पिंडालु, इसकुस, धनियाँ, तरुल, घिरौंला आदि।<br>आँप, सुन्तला, स्याउ, अनार, दारिम, अम्बा, कागती, निबुवा, भोगटे, ज्यामी, लप्सी, लिची, कटहर, भूइँकटहर, अङ्गुर, हलुवाबेद, मेवा, केरा, खुर्पानी, वयर, सतीवयर, अमला, विभिन्न किसिमका फूल खेती, (टिस्यूकल्चर, बीउ तथा बेर्ना उत्पादन समेत) आदि ।<br>नेपाल सरकारको सम्बन्धित निकाय वा जडिबूटी उत्पादन वा प्रशोधन कम्पनीले तोकेका सबै किसिमका जडिबूटी उत्पादन (प्रचलित कानूनले बन्देज लगाएका बाहेक) आदि । |
| २. पशुपक्षी पालन | गाई, गोरु, भैंसी, राँगो, बुङ्गुर, सुँगुर, खरायो, चौरी, याक, नाक, भेडा, बाख्रा, थुमा, खसी, वाच्छा-बाच्छी, पाडा-पाडी, घोडा, गधा, खच्चर र आर्थिक उपार्जनका लागि पालिने अन्य पशुहरु ।<br>कुखुरा, हाँस, परेवा, लौकाट, बट्टांई र आर्थिक उपार्जन गर्नका लागि पालिने अन्य पक्षीहरु ।<br>व्यवसायिकरुपले गरिएको मत्स्यपालन, मौरीपालन, रेशम किरा |

♦ पहिलो संशोधनद्धारा संशोधित।

| | |
|---|---|
| | पालन आदि । |
| ३. सिंचाई तथा सिंचाई उपकरण | कृषि उत्पादन वृद्धि गर्न सघाउ पुऱ्याउने गरी कृषकहरुले एक्लै वा सामूहिकरुपमा निर्माण गर्ने कुलो, नहर, नल, हातेनल, क्याप्टिभ जेनरेटर, स्प्रिंकलर, पम्पसेट, रोअर पम्प आदि । |
| ४. कृषि औजार वा संयन्त्र | थ्रेसर, ग्रिंडर, आधुनिक हलो, कुटो, कोदालो, कोदाली, हँसिया, खुर्पा, खन्ती, ट्याक्टर, ट्रेलर आदि । |
| ५. वन विकास तथा चरन विकास | नर्सरी स्थापना र विकास, निजी एवं सामुदायिक वृक्षारोपण, वन विकासका लागि प्रयोग हुने मलखाद, कृषि वन प्रणालीको विकास र विस्तार, चरन विकास आदि । |
| ६. जग्गा विकास र भू-संरक्षण | जमीन सुधार, तार - बार, जाली, पर्खाल आदि । |
| ७. प्रचलित कानूनले बन्देज गरिएका बाहेकका अन्य कृषि उत्पादनहरु तथा कृषिजन्य व्यवसायहरु । | |

(२) **उद्योग व्यवसायः**

(अ) परम्परागत घरेलु तथा साना उद्योग व्यवसाय

हाते एवं खुट्टे तान, अर्धस्वचालित तान, वार्पिङ्ग, रङ्गाई, छपाई, सिलाई, बुनाइ, राडी, पाखी, ऊनी गलैंचा, पश्मिना, ऊनी पोशाक, सिकर्मी कार्य, काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य, वेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य, प्राकृतिक रेशाबाट विभिन्न वस्तुहरुको निर्माण कार्य, हाते कागज उत्पादन, सुन, चाँदी, तामा, पित्तल, फलाम जस्ता धातुहरुको कार्य, गहना एवं मुर्ति बनाउने कार्य, मह, च्यूरी, अलैंची एवं चिया प्रशोधन कार्य, सेरामिक्स एवं कुमालेको पेशागत कार्य, छाला सम्बन्धी पेशागत कार्य र ट्यानिङ्ग छाला, हाड, सिङ्ग तथा ढुङ्गाबाट तयार हुने वस्तुहरुको उत्पादन, चित्रकला, कागजबाट बनेका सामान, धुप, पुतली, खेलौना र प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानूनले परम्परागत घरेलु उद्योग भनी परिभाषा गरेका सम्पूर्ण उद्योगहरु ।

(३) **सेवा व्यवसायः**

| | |
|---|---|
| १. स्वास्थ्य सम्बन्धी | शिशु स्याहार केन्द्र, औषधी पसल । |

| | |
|---|---|
| सेवा व्यवसायहरु | |
| २. शिप एवं स्वरोजगार मूलक व्यवसायहरु | सिलाई, बुनाई, केश श्रृङ्गार, सिकर्मी, डकर्मीको सेवा, दैनिक उपभोगका सामान खरिद बिक्री, पुस्तक, स्टेशनरी एवं अन्य शैक्षिक सामाग्रीको खरिद बिक्री, चिया तथा चमेना पसल, पशु आहारा खरिद बिक्री, घरजग्गाको नक्सा तयार गर्ने, मूल्याङ्कन गर्ने, कानूनी सेवा, अनुसन्धान, परामर्श, खानेपानी वितरण |
| ३. यातायात सेवा सम्बन्धी व्यवसायहरु | रिक्सा, ठेलागाडा, एक्का (घोडासहित) आदि । |
| ४. पर्यटन व्यवसायहरु | होटेल, खुद्रा पसल । |
| ५. कृषि एवं औद्योगिक उत्पादन वृद्धिमा सघाउ पुर्‍याउने सेवा व्यवसायहरु | कृषि सामग्री वेच विखन, कृषि उपज वेच विखन, औद्योगिक कच्चा पदार्थको खरिद बिक्री आदि । |
| ६. प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानूनले तोकेका अन्य सेवामूलक व्यवसायहरु। | |

(४) <u>अन्य कर्जा</u>: आवास निर्माण, सौर्य बत्ती, शैक्षिक वेरोजगार, धारा वाथरुम तथा शौचालय निर्माण।

**(ख) <u>साना तथा मझौला उद्यम अन्तर्गतका व्यवसायः</u>**

(१) <u>उद्योग व्यवसायः</u>

(अ) <u>परम्परागत घरेलु साना तथा मझौला उद्योग व्यवसाय</u>

हाते एवं खुट्टे तान, अर्धस्वचालित तान, वार्पिङ्ग, रङ्गाई, छपाई, सिलाई, बुनाइ, राडी, पाखी, ऊनी गलैंचा, पश्मिना, ऊनी पोशाक, सिकर्मी कार्य, काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य, वेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य, प्राकृतिक रेशाबाट विभिन्न वस्तुहरुको निर्माण कार्य, हाते कागज उत्पादन, सुन, चाँदी, तामा, पित्तल, फलाम

जस्ता धातुहरुको कार्य, गहना एवं मुर्ति बनाउने कार्य, मह, च्यूरी, अलैंची एवं चिया प्रशोधन कार्य, सेरामिक्स एवं कुमालेको पेशागत कार्य, छाला सम्बन्धी पेशागत कार्य र ट्यानिङ्ग छाला, हाड, सिङ्ग तथा ढुङ्गाबाट तयार हुने वस्तुहरुको उत्पादन, चित्रकला, कागजबाट बनेका सामान, धुप, पुतली, खेलौना र प्रचलित औद्योगिक व्यवसाय कानूनले परम्परागत घरेलु उद्योग भनी परिभाषा गरेका सम्पूर्ण उद्योगहरु ।

(आ) <u>अन्य घरेलु साना तथा मझौला उद्योग व्यवसाय</u>

| | |
|---|---|
| १. रासायनिक मल उद्योग | युरिया, डि.ए.पी., एमोनियम सल्फेट, पोटास जस्ता रासायनिक पदार्थहरुको सम्मिश्रणबाट तयार हुने रासायनिक मल उत्पादन गर्ने उद्योग । |
| २. मूल्य अभिबृद्धि हुने जडान उद्योगहरु | रेडियो, घडि, टेलिभिजन, कम्प्यूटर, आधुनिक वत्ती, टर्च, लाइटर, इम्ब्राइडरी, तयारी पोशाक आदि । |
| ३. जलविद्युत, वायु एवं सौर्य उर्जा तथा वायो ग्यास सम्बन्धी उद्योगहरु | विद्युत उत्पादन गर्ने मेशिन एवं औजारहरुको खरिद एवं जडान, वायु, सौर्य शक्ति एवं वायो ग्यासबाट बिजुली उत्पादन गर्न प्रयोग हुने मेशिन एवं औजारहरुको खरिद एवं जडान तथा वायो ग्यास उत्पादन एवं वितरण, पानीबाट संचालन हुने, कुटानी-पिसानी सम्बन्धी मिलहरु र पानीबाट चल्ने उद्योगहरु । |
| ४. सूचना प्रविधि | कम्प्यूटर सफ्टवेयर एवं हार्डवेयर सम्बन्धी उद्योगहरु । |
| ५. वातावरण | प्रदुषण न्यून तुल्याई पर्यावरण स्वच्छ राख्न सहयोग पुऱ्याउने उद्योगहरु । |
| ६. खनिज वा खानीजन्य उद्योग | खनिज उत्खनन वा प्रशोधन गर्ने उद्योगहरु । |
| ७. प्रचलित कानूनले बन्देज लगाए बाहेकका अन्य घरेलु तथा साना र मझौला उद्योगहरु । | |

(२) <u>सेवा व्यवसाय:</u>

| | |
|---|---|
| १. आवास तथा उपभोग कर्जा | विपन्न वर्गलाई प्रवाह भएका आवास एवं उपभोग कर्जा । |

| | |
|---|---|
| २. शिशु स्याहार केन्द्र तथा स्वास्थ्य सम्बन्धी सेवा व्यवसायहरु | शिशु स्याहार केन्द्र, नर्सिङ्ग होम, स्वास्थ्य परीक्षण प्रयोगशाला, स्वास्थ्य सम्बन्धी उपकरणहरु, प्राकृतिक तथा आयुर्वेद चिकित्सा केन्द्र आदि स्थापना तथा विस्तार, औषधि बिक्री । |
| ३. पशुपक्षी सम्बन्धी चिकित्सा व्यवसायहरु | पशु चिकित्सा सम्बन्धी स्वास्थ्य परीक्षण तथा औषधी पसल, पशु आहारा खरिद बिक्री आदि । |
| ४. सञ्चार सम्बन्धी व्यवसायहरु | टेलिफोन, फ्याक्स, ई-मेल, हटमेल, इन्टरनेट, टेलिकन्फरेन्सिङ्ग, भिडियो कन्फरेन्सिङ्ग आदि । |
| ५. सीप एवं स्वरोजगार मूलक व्यवसायहरु | फोटोकपी, कम्प्यूटर सञ्चालन, मर्मतशाला (टेम्पो, बस, मिनीबस, माईक्रोबस, ट्रक, मिनीट्रक, डेलिभरी भ्यान, कार, जीप, रिक्सा, रेडियो, फोटोकपी, कम्प्यूटर, टि.भी., टेलिफोन, घडी आदि), सिलाई, बुनाई, केश श्रृङ्गार, सिकर्मी, डकर्मीको सेवा, दैनिक उपभोगका सामान खरिद बिक्री, पुस्तक, स्टेशनरी एवं अन्य शैक्षिक सामग्रीको खरिद बिक्री, चिया तथा चमेना पसल, घरजग्गाको नक्सा तयार गर्ने, मूल्याङ्कन गर्ने, कानूनी सेवा, अनुसन्धान, परामर्श, खानेपानी वितरण र सरसफाईसँग सम्बद्ध व्यवसायहरु नेपाली तथा राष्ट्रिय भाषामा चलचित्र निर्माण तथा प्रदर्शन, बाल-उद्यान, खेलकूद आदि । |
| ६. यातायात सेवा सम्बन्धी व्यवसायहरु | बस, मिनीबस, माईक्रोबस, ट्रक, मिनीट्रक, डेलिभरी भ्यान, कार, जीप, टेम्पो रिक्सा, ठेलागाडा, एक्का (घोडासहित) आदि । |
| ७. प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवसायहरु | रोजगारीमूलक सीप तथा प्रविधि प्रदान गर्ने प्राविधिक प्रशिक्षण प्रतिष्ठान आदिको स्थापना र विस्तार तथा प्रशिक्षार्थीलाई प्रशिक्षण लिन लाग्ने आवश्यक खर्च । |
| ८. पर्यटन सम्बन्धी व्यवसायहरु | होटेल, मोटेल, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, ट्रेकिङ्ग, ऱ्याफटिङ्ग आदि। |

| | |
|---|---|
| ९. कृषि एवं औद्योगिक उत्पादन वृद्धिमा सघाउ पुऱ्याउने सेवा व्यवसायहरु | कृषि सामाग्री, बेचबिखन, कृषि उपज वेच विखन, औद्योगिक कच्चा पदार्थको खरदि बिक्री आदि । |
| १०. प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानूनले तोकेका अन्य सेवामूलक व्यवसायहरु । | |

(३) <u>अन्य कर्जा:</u> आवास निर्माण, सौर्य बत्ती, धारा वाथरुम तथा शौचालय निर्माण ।

<u>नोट:</u> उपरोक्त क्षेत्र अन्तर्गतका प्रयोजनहरुमा प्रदान भएको स्थिर पूँजी, चालू पूंजी, ओभरड्राफ्ट, प्याकिंग, क्रेडिट ट्रष्ट रिसिप्ट, हायरपर्चेज, हाइपोथिकेशन कर्जा आदिको लागि प्रदान भएका कर्जाहरु समेत सुरक्षण हुन सक्नेछन् ।

तर रिभल्विङ्ग प्रकृतिको कर्जाको हकमा प्राप्त सुरक्षण शुल्कसम्मको कर्जा (सावाँ र व्याज) को मात्र कोषको दायित्व रहनेछ ।

**(ग) <u>कृषि व्यवसाय:</u>**

| | |
|---|---|
| १.खाद्यान्न बाली | धान, गहुँ, मकै, कोदो, जौ, तोरी, सर्स्यू, केराउ, चना, भटमास आदि। |
| २. नगदेबाली | चिया, अलैंची, सूठो, सुपारी, नरिवल, कपास, अल्लो, अम्रिसो, बाबियो, उखु, रबर, अदुवा, बेसार, सूर्यमुखी, मरीच जस्ता मसला आदि । |
| ३. तरकारी बाली | लसुन, प्याज, आलु, काउली, बन्दा, परवल, कुरिलो, भण्टा, चम्सुर, पालुंगो, रायो, ब्रोकाउली, गोलभेंडा, च्याउ, बोडी, सिमी, फर्सी, गाजर, मुला, खोर्सानी, पिंडालु, इसकुस, धनियाँ, तरुल, घिरौंला आदि। |
| ४. फलफूल तथा जडिबुटी | आँप, सुन्तला, स्याउ, अनार, दारिम, अम्बा, कागती, निबुवा, भोगटे, ज्यामी, लप्सी, लिची, कटहर, भूइँकटहर, अङ्गुर, हलुवाबेद, मेवा, केरा, खुर्पानी, वयर, सतीवयर, अमला, विभिन्न किसिमका फूल खेती, (टिस्यूकल्चर, बीउ तथा बेर्ना उत्पादन समेत) तथा नेपाल सरकारको सम्बन्धित निकाय वा जडिबूटी उत्पादन वा प्रशोधन |

| | |
|---|---|
| | कम्पनीले तोकेका सबै किसिमका जडिबूटी उत्पादन (प्रचलित कानूनले बन्देज लगाएका बाहेक) आदि । |
| ५. पशुपक्षी पालन | (क) गाई, गोरु, भैंसी, राँगो, बङ्गुर, सुँगुर, खरायो, चौरी, याक, नाक, भेडा, बाख्रा, थुमा, खसी, वाच्छा-बाच्छी, पाडा-पाडी, घोडा, गधा, खच्चर र आर्थिक उपार्जनका लागि पालिने अन्य पशुहरु ।<br>(ख) कुखुरा, हाँस, परेवा, लौकाट, बट्टांई र आर्थिक उपार्जन गर्नका लागि पालिने अन्य पंक्षीहरु ।<br>(ग) व्यवसायिक रुपले गरिएको मत्स्यपालन, मौरीपालन, रेशम किरा पालन आदि । |
| ६. सिंचाई तथा सिंचाई उपकरण | कृषि उत्पादन वृद्धि गर्न सघाउ पुऱ्याउने गरी कृषकहरुले एक्लै वा सामूहिक रुपमा निर्माण गर्ने कुलो, नहर, नल, हातेनल, क्याप्टिभ जेनरेटर, स्प्रिंकलर, पम्पसेट, रोअर पम्प आदि । |
| ७. कृषि औजार वा संयन्त्र | थ्रेसर, ग्रिंडर, आधुनिक हलो, कुटो, कोदालो, कोदाली, हँसिया, खुर्पा, खन्ती, ट्रयाक्टर, ट्रेलर आदि । |
| ८. वन विकास तथा चरन विकास | नर्सरी स्थापना र विकास, निजी एवं सामुदायिक वृक्षारोपण, वन विकासका लागि प्रयोग हुने मलखाद, कृषि वन प्रणालीको विकास र विस्तार, चरन विकास आदि । |
| ९. प्रचलित कानूनले बन्देज लगाए बाहेकका समितिले तोकेका अन्य कृषि उत्पादन तथा कृषिजन्य व्यवसाय । | |

θ(घ) <u>निर्यात व्यवसाय</u> :

(१) निर्यातजन्य उद्योगको लागि तयारी वस्तु उत्पादन गर्नको लागि आवश्यक पर्ने कच्चा पदार्थ तथा मेशिन तथा सामान आयात गर्न दिईने कर्जा,

(२) निर्यातजन्य उद्योगबाट उत्पादित वस्तु विदेश निर्यात गर्न दिइने कर्जा ।

θ पहिलो संशोधनद्धारा थप।

अनुसूची -१२

(नियम ३९ को उपनियम (१) र (२) सँग सम्बन्धित)

**शिक्षा तथा शैक्षिक बेरोजगार अन्तर्गतका विषय**

(क)शिक्षा सम्बन्धी विषयहरुः

(१) नेपाल सरकारले तोकिदिएका विषयको उच्च शिक्षा,

(२) स्वास्थ्यसँग सम्बन्धित विषयहरु एम.वि.वि.एस, आयुर्वेद चिकित्सा, वि.डि.एस, वि.पि.एच, फार्मेसी, नर्सिङ लगायतका स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु तथा प्राविधिक शिक्षा तथा तालिम परिषद् अन्तर्गतका एच.ए., ए.एन.एम., सि.एम.ए., फार्मेसी, ल्याव टेक्निसिएन लगायतका डिप्लोमा वा सो भन्दा माथिल्लो तहका विषयहरु,

(३) इन्जिनियरिङसँग सम्बन्धित विषयहरु जस्तै सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, जियोमेट्रिक्स, मेकानिकल, कम्प्युटर आदिका स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु तथा प्राविधिक शिक्षा तथा तालिम परिषद् अन्तर्गतका असिस्टेण्ट सव इन्जिनियर, सव इन्जिनियर लगायतका डिप्लोमा वा सो भन्दा माथिल्लो तहका विषयहरु,

(४) पशु विज्ञानसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु तथा प्राविधिक शिक्षा तथा तालिम परिषद् अन्तर्गतका डिप्लोमा वा सो भन्दा माथिल्लो तहका विषयहरु,

(५) कृषि विज्ञानसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु तथा प्राविधिक शिक्षा तथा तालिम परिषद् अन्तर्गतका डिप्लोमा वा सो भन्दा माथिल्लो तहका विषयहरु,

(६) अन्य प्राविधिक विषयहरुसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु।

(ख)प्राविधिक शिक्षा तथा तालिम परिषद् वा प्राविधिक शिक्षा तथा तालिम परिषद्बाट सम्बन्धन÷ मान्यता प्राप्त संस्थाहरुबाट प्रदान गरिने प्राविधिक शिक्षा तथा तालिम परिषद्बाट स्वीकृत विभिन्न प्राविधिक विषयमा दिइने तालिमहरु ।



नेपाल कानून आयोग

# ♣अनुसूची -१३

(नियम ४१ को उपनियम (१) सँग सम्बन्धित)

## **सुरक्षण कर्जाको अर्धवार्षिक विवरण**

¶.....................................

सदस्य संस्थाको नाम :-

शाखा :- (रकम रु. मा)

| सुरक्षण हुने कर्जाको विवरण | | | | | | | | | | कर्जा रकम | | | महल नं. (१३) को ... प्रतिशतले हुने सुरक्षण शुल्क | भुक्तानी म्याद नाघेको कर्जा रकम (साँवा ब्याज) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कर्जा नं. | किसिम | प्रयोजन | ऋणीको | | | | लगानी मिति | अन्तिम भुक्तानी मिति | साँवा | ब्याज | जम्मा | | | |
| | | | | नाम | ठेगाना | नागरिकता नं. | सम्पर्क नम्बर | | | | | | | | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | (९) | (१० | (११) | (१२) | (१३) | (१४) | (१५) | (१६) |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | **जम्माः** | | | | | | | | |

<u>**नोट**</u>: (१) महल नं. (१३) बमोजिमको कुल बाँकी कर्जा रकमको ....... प्रतिशतले हुने अर्धवार्षिक सुरक्षण शुल्क वापतको रकम प्रत्येक माघ र श्रावण मसान्तसम्ममा विवरण सहित ड्राफ्ट/चेक द्वारा कोषले भुक्तानी पाउने गरी कोषमा पठाउनु पर्नेछ ।

(२) सम्भव भएसम्म यस अनुसूची अनुसारको विवरण कम्प्युटर सफ्ट कपीमा पठाउनु पर्नेछ ।

---

♣ दोस्रो संशोधनद्धारा संशोधित।

¶ चौथो संशोधनद्धारा झिकिएको ।

अनुसूची - १४

(नियम ४२ को उपनियम (३) सँग सम्बन्धित )

**भुक्तानी दाबी पत्रको ढाँचा**

पत्रसङ्ख्याः मितिः ...................

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,

काठमाडौं ।

विषयः सुरक्षण कर्जाको दाबी बारे ।

त्यस कोषसँग सम्झौता भए बमोजिम यसैसाथ संलग्न कर्जाको विवरण अनुसार जम्मा कर्जा सङ्ख्या ........ रकम रु. ................ (अक्षरेपी ...........................................) को भुक्तानी पाउन देहायका कागजात संलग्न गरी यो निवेदन पेश गरको छु ।

(१) यस पत्रसाथ संलग्न विवरणहरु मैले जाने बुझेसम्म सत्य छन् । दाबी गरिएका कर्जाहरुमा यस ............................को कुनै पनि कर्मचारीको हेलचेक्र्याईं वा बदनियत भएको छैन ।

(२) दाबी गरिएका कर्जाहरुको २०.....आषाढ/पौष मसान्तसम्मको सुरक्षण शुल्क वुझाएको प्रमाणित गर्दछौं ।

(३) उपरोक्त कर्जाहरु कर्जा सुरक्षण नियमावलीको अधीनमा रही सुरक्षण गरिएको हो ।

संलग्न कागजातः

(क) दाबी कर्जाको विवरण,

(ख) निरीक्षण प्रतिवेदनको प्रतिलिपिहरु,

(ग) कर्जाको हिसाबको पूर्ण विवरण (लेजर) को प्रतिलिपी,

(घ) धितो लिलाम बिक्री कारबाही सम्बन्धी कागजातका प्रतिलिपी

सदस्य संस्थाको तर्फबाट अख्तियार प्राप्त व्यक्तिको,

दस्तखतः

नामः

पदः

ठेगानाः

छापः

## अनुसूची - १५

(नियम ४२ को उपनियम (३) को खण्ड (क) सँग सम्बन्धित)

## भुक्तानी दाबी कर्जाको विवरण

सदस्य संस्थाको नामः

शाखाको नामः

| कर्जा नम्बर | ऋणीको नाम, थर | ऋणीको नागरिकता नं. | क्षेत्र/ व्यवसाय | कर्जा स्वीकृत गरिएको | | कर्जा लगानी | | कर्जाको अन्तिम भुक्तानी मिति | दाबी हिसाबमा सारेको मिति | कर्जाको भुक्तानी मिति सम्मको बाँकी कर्जा रकम | | | धितोको विवरण | | | असूली कारबाही गरेको मिति | कर्जा असुल उपर हुन नसकेको कारण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मिति | रकम | मिति | रकम | | | सावाँ | ब्याज | जम्मा | किसिम | मुल्याङ्कन रकम | रोक्का मिति | | |
| (१) | (२) | Ω (२क) | (३) | (४) | (५) | (६) | (७) | (८) | (९) | (१०) | (११) | (१२) | (१३) | (१४) | (१५) | (१६) | (१७) |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

नेपाल कानून आयोग

Ω तेस्रो संशोधनद्धारा थप।

अनुसूची - १६

(नियम ४३ को उपनियम (१) सँग सम्बन्धित)

**दाबी भुक्तानीपत्रको ढाँचा**

पत्रसङ्ख्याः- ............. मितिः................

श्री................................

विषय : दाबी भुक्तानी बारे ।

त्यस ............................को पत्रसङ्ख्या ................ मिति .............. को पत्रसाथ दाबी सम्बन्धी कागजातहरु प्राप्त भयो । सो पत्र अनुसार दाबी गरेको कूल रकम रु. ............... मध्ये ऋणी सङ्ख्या ...... को रु. ................ मात्र दाबी योग्य देखिएकोले उक्त रकमको ...... प्रतिशतले हुने रकम रु. ................ मध्ये ५० प्रतिशतले हुने रकम रु. ............... को ..................... बैंक उपर खिचिएको ड्राफ्ट/चेक नं. .................. बाट निम्न शर्तहरुको अधीनमा रहने गरी भुक्तानी पठाएका छौं ।

शर्तहरुः

(१) माथि उल्लेख गरिए बमोजिमको .................. दाबी भुक्तानी प्राप्त भए पछि सदस्य संस्थाले सोको भर्पाइ यथाशीघ्र कोषमा पठाउनु पर्नेछ ।

(२) दाबी पत्र अनुसार त्यस .................ले पेश गरेको कागजात तथा विवरणहरु गलत तथा झुठ्ठा ठहरेमा यस कोषबाट दाबी भुक्तानी गरेको रकम फिर्ता गर्नु पर्नेछ ।

(३) कोषबाट दाबी भुक्तानी प्राप्त भएको कर्जा आंशिकरुपमा असूल उपर भएमा असूल उपर भएको रकमको कोषले दाबी भुक्तानी गरेको प्रतिशतले हुन आउने रकम र सम्पूर्ण कर्जा रकम असूल उपर भएमा दाबी भुक्तानी वापत प्राप्त भएको सम्पूर्ण रकम पैंतीस दिनभित्र कोषमा फिर्ता पठाउनु पर्नेछ ।

संलग्नः ड्राफ्ट/चेक थान ..... र विवरण ।

कोषको तर्फवाट अख्तियार प्राप्त व्यक्तिको,-

दस्तखतः

नामः

छापः पदः

अनुसूची - १७

(नियम ४३ को उपनियम (४) सँग सम्बन्धित )

**दाबी भुक्तानी प्राप्त गरेको भरपाई**

यस ..............................को पत्रसङ्ख्या ....................... मिति ....................... को पत्रबाट दाबी गरिएको कर्जाको त्यस कोषको प.सं. ...................... मिति ........................ को पत्र अनुसार दाबी नं. ........... वाट स्वीकृत दाबी रकम रु.................... मध्ये प्रथम किस्ता/दोस्रो किस्ताको दाबी भुक्तानी वापत रु. ....................(अक्षरेपी........................................मात्र ) मिति ....................मा नं...................... को चेक/ड्राफ्टबाट सधन्यवाद प्राप्त भयो ।

सदस्य संस्थाको तर्फवाट अख्तियार प्राप्त व्यक्तिको,-

दस्तखतः

नाम :

पद :

ठेगाना :

मिति :

कार्यालयको छाप :

नेपाल कानून आयोग

अनुसूची - १८

(नियम ४७ को उपनियम (१) सँग सम्बन्धित)

**दाबी भुक्तानी बापत प्राप्त भएको रकम फिर्ता गर्ने पत्रको ढाँचा**

पत्रसङ्ख्या :............................

मिति :.....................

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,
काठमाडौं ।

विषय : दाबी भुक्तानी वापत प्राप्त भएको रकम फिर्ता गरिएको बारे ।

त्यस कोषको पत्रसङ्ख्या ........................ मिति ..................... को पत्रसाथ दाबी भुक्तानी प्राप्त गरिएका निम्न कर्जाहरुको ऋणीहरुबाट कर्जा असूल उपर भएकोले निम्न उल्लिखित रकम रु......................... मात्र ड्राफ्ट/चेक नं....................... बाट तहाँ फिर्ता पठाईएको व्यहोरा अनुरोध गर्दछौं ।

| क्र.सं. | दाबी नम्बर | ऋणीको | | प्रयोजन | कोषबाट प्राप्त दाबी भुक्तानी रकम | यस पत्रबाट फिर्ता रकम | कोषलाई फिर्ता गर्न बाँकी रकम |
|---|---|---|---|---|---|---|---|
| | | कर्जा नम्बर | नाम, थर | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

सदस्य संस्थाको तर्फवाट अख्तियार प्राप्त व्यक्तिको,

दस्तखत :-

नाम :-

पद :-

ठेगाना :-

कार्यालयको छाप :

अनुसूची - १९

(नियम ४८ को उपनियम (२) सँग सम्बन्धित)

**अपलेखन गर्ने स्वीकृती पत्रको ढाँचा**

पत्रसङ्ख्या :............................. मिति :.....................

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,

काठमाडौं ।

विषयः अपलेखन गर्ने स्वीकृती बारे।

त्यस कोषबाट दाबी भुक्तानी वापत प्राप्त निम्न कर्जाको कर्जा सुरक्षण नियमावलीको अधीनमा रही अपलेखन गर्न स्वीकृति दिनु हुन अनुरोध गर्दछौं ।

| सि.नं. | विवरण | |
|---|---|---|
| १. | कर्जा नम्बर | |
| २. | ऋणीको नाम | |
| ३. | दाबी नम्बर | |
| ४. | दाबी भुक्तानी प्राप्त भएको रकम | |
| ५. | दाबी भुक्तानी प्राप्त भएको मिति | |
| ६. | दाबी भुक्तानी प्राप्त भए पश्चात असुली भएको रकम | |
| ७. | असूल उपर हुन बाँकी कर्जा रकम | |
| ८. | अपलेखन गर्नु पर्ने रकम | |
| ९. | परियोजनाको अवस्था | |
| १०. | धितोको अवस्था | |
| ११. | अपलेखन गर्नु पर्ने कारण | |

सदस्य संस्थाको तर्फवाट अख्तियार प्राप्त व्यक्तिको,-

दस्तखत :

नाम :

पद :

ठेगाना :

छाप :

अनुसूची - २०

(नियम ४९ को उपनियम (१) सँग सम्बन्धित)

**दाबी भुक्तानी प्राप्त रकमको विवरण**

| क.स. | दाबी स्वीकृती भएको | | दाबी नम्बर | ऋणीको | | क्षेत्र/ व्यवसाय | स्वीकृत दाबी रकम (.....%) | दाबी प्राप्त रकम (पहिलो किस्ता ५०%) | कोषवाट बाँकी दोस्रो किस्ता ५०% भुक्तानी प्राप्त रकम | | कूल भुक्तानी प्राप्त रकम (९)+(११) | ऋणीबाट कर्जा असूल उपर भएको | | कर्जा असूली भई कोषलाई फिर्ता गरिएको | | कोषलाई फिर्ता गर्नुपर्ने बाँकी रकम (१२)-(१६) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कोषको पत्र सङ्ख्या | मिति | | कर्जा नम्बर | नाम | | | | मिति | रकम | | मिति | रकम | मिति | रकम | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | (९) | (१०) | (११) | (१२) | (१३) | (१४) | (१५) | (१६) | (१७) |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

नेपाल कानून आयोग